मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## गजेन्द्रनारायण सिंह अस्पतालमा आगलागी

**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा सोमबार बिहान करिब ११:३० बजे विद्युत सर्ट भई डेन्टल ओपिडी सेवाको भवनमा आगलागीका कारण क्षति पुगेको छ ।

आगलागीबाट डेन्टल विभागका तीन थान डेन्टल मेसिन, २ थान कम्प्रेसर मेसिन, २ थान डेक्स, ३ थान डेन्टल कुर्सी, एक थान फ्रीज र ७ वटा पंखा पूर्णरुपमा जलेर नष्ट भएको अस्पतालले जनाएको छ ।

● वर्ष ४ ● अंक १११ ● २०८२ साल फागुन २६ गते मंगलबार ● Tuesday 10, March 2026 ● सूर्योदय: बिहान ०६:२२ बजे ● सूर्यास्त: साँझ ०६:१० बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# बलियो जनादेशसहित रास्वपा सरकारः
# संविधान संशोधन र प्रदेश खारेज सम्भव छ ?

**हरिशंकर शर्मा**
**वीरगंज।**
प्रतिनिधिसभा सदस्य निर्वाचनपछि नयाँ राजनीति समीकरण निर्माण भएको छ । उपलब्ध विवरणअनुसार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रत्यक्षतर्फ उल्लेख्य सफलता हासिल गर्दै संघीय संसदमा सबैभन्दा ठूलो शक्ति बन्ने आधार तयार गरेको छ। पार्टीका वरिष्ठ नेता बालेन शाह प्रधानमन्त्री बन्ने तयारीसँगै अब चासोको केन्द्रमा सरकारको आगामी कार्यदिशा परेको छ । विशेषगरी संविधान संशोधन, ऐन–कानून निर्माण तथा संघीय संरचनाअन्तर्गत रहेको प्रदेश व्यवस्थाबारे सम्भावित निर्णयलाई लिएर व्यापक बहस सुरु भएको छ। नेपालको वर्तमान शासनप्रणाली नेपालको संविधान २०७२ ले परिभाषित गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संरचनामा आधारित छ। यस्तो अवस्थामा ठूलो संसदीय शक्ति लिएर आएको सरकारका लागि नीति निर्माण र सुधारका अवसर पनि प्रशस्त हुन्छन्, तर संवैधानिक सीमा र राजनीतिक चुनौती पनि त्यत्तिकै महत्त्वपूर्ण रहन्छन्।

### सरकार गठनपछि देखिने प्रारम्भिक सहजता

रास्वपाले संसदमा उल्लेख्य सिट जितेपछि सरकार गठन प्रक्रिया अपेक्षाकृत सहज हुने देखिन्छ । ठूलो दलका रूपमा संसदमा उपस्थित हुँदा सरकारलाई नीति तथा कार्यक्रम पारित गर्न, वार्षिक बजेट ल्याउन र प्रशासनिक सुधारका कार्यक्रम अघि बढाउन पर्याप्त बल मिल्छ। संसदीय अभ्यासमा बहुमत नजिकको शक्ति भएको सरकारका लागि संसदमा विधेयक पेश गर्ने र पारित गराउने प्रक्रिया तुलनात्मक रूपमा सहज हुन्छ । विशेषगरी साधारण कानून, प्रशासनिक सुधार, आर्थिक नीति र संस्थागत पुर्नसंरचनासम्बन्धी निर्णयहरू कार्यान्वयन गर्न सरकारलाई ठूलो राजनीतिक आधार प्राप्त हुन्छ। यसले नीति स्थायित्व पनि बढाउँछ । विगतमा गठबन्धन सरकारका कारण पटक–पटक राजनीति अस्थिरता देखिएको सन्दर्भमा बलियो संसदीय समर्थन प्राप्त सरकारलाई दीर्घकालीन योजना कार्यान्वयन गर्ने अवसर मिल्ने विश्लेषण गरिएको छ।

### ऐन–कानून संशोधनमा सम्भावित सहजता

संसदको बहुमतमा आधारित सरकारका लागि ऐन–कानून संशोधन अपेक्षाकृत सजिलो प्रक्रिया हो । सामान्य विधेयक पारित गर्न प्रतिनिधिसभामा उपस्थित सदस्यको साधारण बहुमत आवश्यक हुन्छ । यस आधारमा सरकारले विभिन्न क्षेत्रमा सुधार ल्याउन सक्ने सम्भावना देखिन्छ। प्रशासनिक सुधारसम्बन्धी कानून, आर्थिक तथा लगानीसम्बन्धी नीति, शिक्षा र स्वास्थ्य क्षेत्रका कानूनी संरचना, सार्वजनिक सेवा प्रवाह सुधारसम्बन्धी विधेयक । यदि संसदमा सरकारको पक्षमा पर्याप्त संख्या कायम रह्यो भने यस्ता विधेयकहरू अपेक्षाकृत छिटो पारित हुन सक्छन् । यसले सरकारलाई नीतिगत परिवर्तन लागू गर्न प्रभावकारी वातावरण प्रदान गर्न सक्छ।

### संविधान संशोधनको जटिल प्रक्रिया

यद्यपि साधारण कानून संशोधनभन्दा संविधान संशोधन प्रक्रिया धेरै जटिल हुन्छ । नेपालको संविधानअनुसार संविधान संशोधन गर्न प्रतिनिधिसभा र राष्ट्रियसभा दुवै सदनमा कम्तीमा दुई तिहाइँ बहुमत आवश्यक हुन्छ। यसको अर्थ संसदमा ठूलो दल भएपनि संविधान परिवर्तन गर्न अन्य दलहरूको समर्थन अपरिहार्य हुन सक्छ । संविधान संशोधनसँग सम्बन्धित विषयहरूमा राष्ट्रिय सहमति आवश्यक हुने भएकाले राजनीतिक संवाद र सहकार्य अत्यन्त महत्वपूर्ण हुन्छ।

संविधान संशोधनका विषयहरू प्रायः संवेदनशील मानिन्छन् । संघीय संरचना, शासन प्रणाली, अधिकारको बाँडफाँड, निर्वाचन प्रणालीजस्ता विषयमा परिवर्तन गर्न खोज्दा राजनीतिक बहस तीव्र हुन सक्छ । त्यसैले सरकारले यस्तो कदम चाल्दा व्यापक राजनीति सहमति र जनमतको समर्थन आवश्यक पर्ने सम्भावना रहन्छ।



### प्रदेश सरकार खारेजीको बहस र संविधानको प्रावधान

हालैका वर्षहरूमा संघीय प्रणाली अन्तर्गत स्थापना भएका प्रदेश सरकारको प्रभावकारिताबारे विभिन्न राजनीति दल र नागरिक समाजमा बहस हुँदै आएको छ। केही पक्षहरूले प्रदेश संरचना खर्चिलो भएको तर्क गर्दै पुनर्विचारको माग गरेका छन् भने अर्कोतर्फ संघीयताको संरक्षण आवश्यक भएको धारणा पनि बलियो छ।

प्रदेश सरकार खारेज गर्ने विषय भने अत्यन्त संवेदनशील संवैधानिक प्रश्न हो । किनभने नेपालको संघीय संरचना स्वयं संविधानमा स्पष्ट रूपमा व्यवस्था गरिएको छ । त्यसैले प्रदेश सरकार हटाउने वा संघीय संरचना परिवर्तन गर्ने निर्णय लिनका लागि संविधान संशोधन आवश्यक हुन्छ। यसका लागि संसदमा दुई तिहाइँ बहुमत मात्र होइन, व्यापक राजनीतिक सहमति पनि अपरिहार्य हुन्छ।

त्यसैले कुनै पनि सरकारले एकल निर्णयबाट प्रदेश सरकार खारेज गर्न सक्ने अवस्था हुँदैन । यदि यस्तो प्रस्ताव अघि बढाइयो भने संसदभित्र तीव्र बहस हुने र विभिन्न राजनीतिक शक्तिहरूबीच सहमति खोज्नुपर्ने अवस्था आउने देखिन्छ।

नेपालको वर्तमान शासन प्रणाली नेपालको संविधान २०७२ ले परिभाषित गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा आधारित छ। संविधानको धारा ५६ (१) मा नेपाललाई 'संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य' भनिएको छ भने धारा ५६ (२) अनुसार राज्य संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजित गरिएको स्पष्ट उल्लेख गरिएको छ।

त्यस्तै धारा ५६ (४) ले नेपालमा सात प्रदेश रहने व्यवस्था गरेको छ।

यसै आधारमा प्रदेशसभा, प्रदेश सरकार र प्रदेशस्तरीय प्रशासनिक संरचना सञ्चालनमा छन् । संविधानमै संघीय संरचना र प्रदेशको व्यवस्था स्पष्ट रूपमा उल्लेख गरिएको कारण कुनैपनि संघीय सरकारले साधारण निर्णय वा संसदको सामान्य बहुमतका आधारमा प्रदेश सरकार खारेज गर्न सक्दैन। प्रदेश संरचना हटाउन वा संघीय प्रणाली परिवर्तन गर्ने चाहियो भने संविधान संशोधन आवश्यक हुन्छ।

संविधान संशोधनको प्रक्रिया धारा २७४ मा उल्लेख गरिएको छ। उक्त धाराअनुसार संविधान संशोधन प्रस्ताव संसदमा दर्ता भएपछि प्रतिनिधिसभा र राष्ट्रियसभा दुवै सदनमा दुई तिहाइँ बहुमतले पारित हुनुपर्छ । त्यसपछि मात्र संशोधन लागू हुन्छ । यसबाहेक संघीय संरचना परिवर्तन जस्ता संवेदनशील विषयमा व्यापक राजनीतिक सहमति र राष्ट्रिय बहस आवश्यक पर्ने संवैधानिक अभ्यास पनि रहेको छ।

यस कारण रास्वपा नेतृत्वको सरकारले संसदमा ठूलो शक्ति प्राप्त गरेपनि संविधान संशोधनबिना प्रदेश सरकार खारेज गर्न सक्ने अवस्था हुँदैन। यदि प्रदेश संरचना पुनरावलोकन गर्ने प्रस्ताव अघि बढाइयो भने त्यसका लागि संवैधानिक प्रक्रिया, राजनीतिक सहमति र दुई तिहाइँ संसदीय समर्थन अपरिहार्य हुने कानूनी व्यवस्था रहेको छ।

### न्यायिक र संवैधानिक निगरानी

सरकारले ल्याएका कानून वा निर्णयहरू संविधान अनुकूल छन् कि छैनन् भन्ने अन्तिम परीक्षण न्यायालयबाट हुन्छ । नेपालको संवैधानिक व्यवस्था अनुसार सर्वोच्च अदालतले असंवैधानिक ठहरिएका कानून वा निर्णयहरू खारेज गर्न सक्ने अधिकार राख्छ। यस कारण कुनै पनि सरकारले संविधानको मर्मविपरित निर्णय गरेमा न्यायिक हस्तक्षेप हुन सक्छ। यसले लोकतान्त्रिक प्रणालीमा शक्ति सन्तुलन कायम राख्ने भूमिका खेल्छ।

### राजनीति र जनदबाबको चुनौती

संसदीय बहुमत भएपनि सरकारका लागि सबै निर्णय सहज हुँदैनन् । विशेषगरी संविधान वा संघीय संरचनासँग सम्बन्धित विषयमा जनमत र नागरिक समाजको प्रतिक्रिया महत्वपूर्ण हुन्छ । यदि सरकारका नीतिहरू विवादास्पद बने भने सडक आन्दोलन, राजनीतिक विरोध वा सार्वजनिक बहस तीव्र हुन सक्छ । यसले सरकारलाई आफ्नो निर्णय प्रक्रियामा थप सावधानी अपनाउन बाध्य बनाउँछ।

नेपालको राजनीति इतिहास हेर्दा पनि संवेदनशील संवैधानिक विषयहरूमा जनदबाबले महत्वपूर्ण भूमिका खेलेको उदाहरणहरू पाइन्छ।

### अवसर र जिम्मेवारीको नयाँ अध्याय

रास्वपा नेतृत्वमा बन्ने सम्भावित सरकारका लागि वर्तमान राजनीतिक परिस्थिति एकातिर ठूलो अवसर हो भने अर्कोतर्फ ठूलो जिम्मेवारी पनि हो। संसदमा उल्लेख्य शक्ति प्राप्त भएको अवस्थामा सरकारसँग प्रशासनिक सुधार, आर्थिक पुनरुत्थान, सुशासन र सेवा प्रवाह सुधारजस्ता महत्वपूर्ण एजेन्डा अघि बढाउने अवसर हुनेछ । तर संविधान संशोधन वा संघीय संरचनाजस्ता संवेदनशील विषयमा निर्णय गर्दा व्यापक राजनीतिक सहमति, संवैधानिक मर्यादा र जनभावनालाई ध्यानमा राख्नु आवश्यक हुन्छ।

नयाँ राजनीति समीकरणले नेपालमा शक्ति सन्तुलनको नयाँ अध्याय सुरु गरेको छ । बलियो संसदीय उपस्थितिसहित सरकार गठन भएमा नीति निर्माण र प्रशासनिक सुधारमा उल्लेखनीय प्रगति सम्भव हुन सक्छ । तर संविधान संशोधन, संघीय संरचनामा परिवर्तन वा प्रदेश सरकारको भविष्यजस्ता विषयहरूमा भने कानूनी प्रक्रिया, राजनीतिक सहमति र जनसमर्थन सबैलाई सन्तुलनमा राख्नुपर्ने हुन्छ । यस अर्थमा रास्वपा नेतृत्वको सम्भावित सरकारका लागि आगामी दिनहरू अवसर र चुनौती दुवैको परीक्षा हुने देखिन्छ।

### मोदी–रवि–बालेन फोनवार्ता

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले रास्वपा सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) सँग टेलिफोन वार्ता गर्दै उनीहरूलाई निर्वाचनमा प्राप्त सफलताका लागि बधाई दिएका छन् । प्रधानमन्त्री मोदीले रास्वपाको चुनावी सफलतालाई उल्लेख गर्दै विजयलाई महत्वपूर्ण उपलब्धि बताएका छन् । साथै, उनले वार्ताक्रममा लामिछाने र शाहलाई आगामी सरकार गठनका लागि शुभकामना व्यक्त गरेका छन् । प्रधानमन्त्री मोदीले भारत सरकार नेपालको नयाँ नेतृत्वसँग सहकार्य गर्दै दुवै देशको समृद्धि, प्रगति र जनताको हितका लागि काम गर्न प्रतिबद्ध रहेको पनि बताएका छन् । यस्तै, उनले नेपालसँगको ऐतिहासिक, सांस्कृतिक तथा कूटनीतिक सम्बन्धलाई थप मजबुत बनाउँदै अघि बढ्ने भारतको चाहना रहेको पनि व्यक्त गरेका छन्।

## ३९ वर्षीय आलमले जोगाए मधेशमा कांग्रेसको लाज

**राकेश यादव**
**रौतहट।**
रौतहटको निर्वाचन क्षेत्र नम्बर २ बाट नेपाली कांग्रेसका तर्फबाट फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्यको निर्वाचनमा उम्मेदवार बनेका ३९ वर्षीय मोहम्मद फिरदोस आलमले मधेश प्रदेशमै निर्वाचित भएर नेपाली कांग्रेसको साख जोगाएका छन्।

निकटतम प्रतिद्वन्द्वी नेपाली कम्युनिस्ट पार्टीका किरण कुमार साहलाइ ११ हजार ८६ मतको अन्तरले पराजित गर्दै उनले नेपाली कांग्रेसको इज्जत जोगाउन सफल भएका हुन् । ४ निर्वाचन क्षेत्र रहेको रौतहटमा ३ निर्वाचन क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवारले जित हासिल गरेका छन् भने आलम एक्लै नेपाली कांग्रेसबाट निर्वाचित भएर कांग्रेसलाइ क्लिन स्विप हुनबाट बचाएका हुन् । मधेश प्रदेशमा ३२ सिटमा राष्ट्रिय स्वतन्त्र पार्टीले ३१ सिट ल्याउन सफल भएको अवस्थामा आलम नेपाली कांग्रेसबाट निर्वाचित भएका प्रतिनिधि सभा सदस्यमध्ये सबैभन्दा बढी मतान्तरले निर्वाचित हुने प्रतिनिधि सभा सदस्य बनेका छन्।



नेपाली कांग्रेसका पूर्वमन्त्री स्वर्गीय मोहम्मद आफताव आलम र नसीमा खातुनका जेठो सन्तान डा. मोहम्मद फिरदोस आलम दोस्रो पटकमा निर्वाचित हुन सफल भएका हुन् । २०७९ को प्रतिनिधि सभा सदस्यका निर्वाचनमा स्वतन्त्रबाट उम्मेदवारी दिएका किरण साहबाट ४ हजार ५ सय ९४ मतको अन्तरले पराजित भएका आलम २०८२ को निर्वाचनमा नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार साहलाई ११ हजार ८६ मतको फराकिलो अन्तरले हराउँदै जित हासिल गर्न सफल भएका छन्।

२०७९ को निर्वाचनमा ३२ हजार ८ सय ४२ मत ल्याएका साहले २०८२ को निर्वाचनमा १८ हजार ४ सय ४२ मत ल्याउन सफल भएको निर्वाचन क्षेत्र नम्बर २ का निर्वाचन अधिकृत सीताराम खडकाले जानकारी दिए । २०७९ मा २८ हजार २ सय ४८ मत ल्याएका मोहम्मद फिरदोस आलमले २०८२ निर्वाचनमा २९ हजार ५ सय २८ मत ल्याएका हुन्।

एमबीबीएस अध्ययन गरेका आलम २०७३ सालमा नेपाल प्रहरीमा प्रहरी निरीक्षक पदमा बहाली भएका थिए। २०६४ साल चैत २८ गते भएको पहिलो संविधान सभाको निर्वाचनको पूर्वसन्ध्यामा भएको बम विस्फोटको घटनामा संलग्न भएको आरोपमा बुबा स्वर्गीय मोहम्मद आफताब आलम पक्राउ परेपछि प्रहरीको जागिर २०७६ मा छोडेका थिए।

बुबा कारागारमा परेपछि रानीतिक क्षेत्रमा सक्रिय भएका आलम २०७९ को निर्वाचनमा पहिलोपटक उम्मेदवार बनेका थिए। आलमका कान्छो भाइ मोहम्मद राजिक आलम राजपुर नगरपालिकाका नगर प्रमुख छन्।

नेपाली कांग्रेसमै परिवार रहेकाले बुबाको अधुरो सपना पूरा गर्ने जिम्मेवारी काँधमा आएको आलमले बताए । सञ्चारकर्मीसँग आलमले भने, 'देशभरमा आएको सुनामीका बेला पनि क्षेत्रका मतदाताले जुन विस्वास र भरोसाका साथ निर्वाचित गराउनु भएको छ, त्यसको सदैव ऋणी रहनेछु।' नेपाली कांग्रेसको उपस्थिति संसदमा न्यून भए पनि जनतासँग गरेको प्रतिबद्धता पूरा गराउन तत्पर रहने बताउँदै आलमले क्षेत्रमा देखिएका शिक्षा, स्वास्थ्य, पूर्वाधार, बेरोजगारीको समस्या समाधानका लागि पहल गर्ने बताए । बुबा हुँदा लडेको चुनाव र नहुँदा लडेको निर्वाचनमा फरक महसुस भएको उल्लेख गर्दै बुबाले देखेका सपनालाइ पूरा गर्ने दायित्व मेरो काँधमा आएकाले निष्पक्ष रुपमा जनताको सेवा गर्ने प्रतिबद्धता जनाए। रौतहट–२ बाट निर्वाचनमा भाग लिएका राष्ट्रिय स्वतन्त्र पार्टीका शेख सगीरले ९ हजार ३ सय २५ मत, जनता समाजवादी पार्टीका रामआशीष राय यादवले २ हजार ९ सय ६० मत, नेकपा एमालेका मोहम्मद अतिउल्लाहले २ हजार ३ सय ८२ मत, आमजनता पार्टीका भगवान राउत १ हजार ८ सय २५ मत र प्रगतिशील लोकतान्त्रिक पार्टीका सुरेन्द्र प्रसाद जैसवालले ८ सय ५९ मत प्राप्त गरेका छन्।

## दबाबपछि मातृकालाई निर्वाचितको प्रमाणपत्र



**मधेशदृष्टि**
**जनकपुरधाम।**
व्यापक जनदबाबपछि निर्वाचन आयोगले धनुषा क्षेत्र नम्बर १ मा नेकपामा उम्मेदवार मातृका यादवलाई प्रतिनिधि सभा सदस्य पदमा निर्वाचित भएको प्रमाण पत्र हस्तान्तरण गरेको छ । रास्वपाका उम्मेदवार किशोरी साहको उम्मेदवारी खारेज भएपछिको विवाद अदालत पुग्दा घोषणा रोकिएको थियो । निर्वाचनमा रास्वपालाई अत्यधिक मत आएपछि यो विषय सर्वोच्च अदालतसम्म पुगेको थियो। प्रमाण पत्र ग्रहण गर्दै मातृका यादवले फेसबुकमा लेखेका छन्, 'व्यापक जनदबाबपश्चात् निर्वाचन आयोगले धनुषा १ को प्रतिनिधि सभा सदस्य पदमा निर्वाचित भएको प्रमाण पत्र हस्तान्तरण गरेको छ ।'मधेशको ३२ सिटमा नेकपा एमाले, जसपा नेपाल, जनमत पार्टी जस्ता अघिल्लो निर्वाचनका राष्ट्रिय पार्टी क्लिन स्विप हुँदा नेकपालाई एकसिट लाभ भएको छ। एक सिट कांग्रेसले जित्दा ३० सिट रास्वपाको पोल्टामा गएको छ।

## प्रतिनिधिसभा निर्वाचनः

# १६५ मध्ये १६३ को मतपरिणाम सार्वजनिक

**मधेशदृष्टि**
**वीरगंज ।**
फागुन २१ गते सम्पन्न प्रतिनिधि सभाका निर्वाचनको १६५ सीट मध्ये हालसम्म १६३ सिटको अन्तिम मत परिणाम सार्वजनिक भइसकेको छ ।
बाँकी १ सीटको मत गणना अन्तिम चरणमा पुगेको छ भने एक सीटको सर्वोच्च अदालतमा मुद्दा चलिरहेको छ ।
अन्तिम परिणाम आइसकेको प्रतिनिधी सभाका १६१ सिट मध्ये राष्ट्रिय स्वतन्त्र पार्टीले सर्वाधिक १२५ सीट जितेको छ । नेपाली काँग्रेसले १८ सिट जितेको छ भने नेकपा एमालेले ८ सिट हात पारेको छ । त्यसैगरि नेपाली कम्युनिष्ट पार्टीले ७ सिटमा जित निकाल्दा श्रम संस्कृति पार्टीले ३ स्थानमा, राप्रपाले १ स्थानमा र स्वतन्त्र उम्मेदवारले एक स्थानमा जीत हासिल गरेको छ ।
अन्तिम चरणमा गन्ती भइरहेका १ सीटमा नेकपा एमालेको अग्रता छ । संखुवा सभा निर्वाचन क्षेत्र नं. १ मा नेकपा एमालेका अर्जुन कुमार कार्की १३,०५१ मत लिएर अग्र स्थानमा रहनु भएको छ भने उहाँलाई राष्ट्रिय स्तन्त्र पार्टीका मिङमा सेर्पाले ११,७८९ मत सहित पच्छ्याई रहनु भएको छ ।

# २१० दिनपछि आरक्ष विस्थापितको अनशन अन्त्य



**कञ्चनपुर ।**
शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज विस्तारका क्रममा विस्थापित परिवारले पुनःस्थापनाको माग राख्दै २ सय १० दिनअघि सुरु गरेको अनशन सोमबार अन्त्य गरेका छन् । नवनिर्वाचित प्रतिनिधिसभा सदस्य दीपकराज बोहराको उपस्थितिमा विस्थापित परिवारले अनशन तोडेका हुन् ।
कञ्चनपुर निर्वाचन क्षेत्र नम्बर–२ बाट निर्वाचित बोहराले विस्थापित परिवारको स्थायी बसोबासको समस्या समाधानका लागि पहल गर्ने प्रतिबद्धता जनाएपछि विस्थापित परिवारले अनशन अन्त्य गरेका हुन् ।
शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज (तत्कालीन शुक्लाफाँटा आरक्ष) विस्तारका क्रममा विस्थापित भएका परिवारले विगत लामो समयदेखि पुनःस्थापनाको माग गर्दै आन्दोलन गर्दै आएका थिए । पछिल्लो समय विस्थापित परिवार कृष्णपुर नगरपालिका–२ वनहरा नजिक सडक छेउमा पाल टाँगेर निरन्तर अनशनमा थिए । उनीहरुले सरकार तथा सरोकारवाला निकायलाई समस्या समाधानका लागि दबाब दिँदै आएका थिए ।
नवनिर्वाचित प्रतिनिधिसभा सदस्य बोहराले विस्थापित परिवारको समस्या गम्भीर रहेकाले यस विषयलाई प्राथमिकतामा राखेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे । उनले विगतमा गठन भएका विभिन्न आयोगले तयार पारेका प्रतिवेदन अध्ययन गरेर पुनःस्थापनाका लागि ठोस पहल गर्ने बताए ।
‘तपाईंहरूका समस्या धेरै वर्षदेखि समाधान हुनुपर्ने थियो, भएन,’ उनले भने, ‘तपाईहरुसँग थप छलफल, अन्तक्रिया गरेर समाधानको बाटो खोज्नेछु ।’ सडकछेउमा बसेर अनशन गर्दा दुर्घटनाको जोखिमसमेत रहेको उल्लेख गर्दै उनले अनशन तोड्न आग्रह गरेका थिए ।
अनशन तोड्ने क्रममा आरक्ष विस्थापित सङ्घर्ष समितिका अध्यक्ष प्रेमदत्त भट्टले नवनिर्वाचित सांसद बोहरामाथि विश्वास गरेर आफूहरूले अनशन अन्त्य गरेको बताए । ‘हामीले तपाँईलाई भरोसा गरेर संसद्मा पठाएका छौँ,’ उनले भने, ‘विगतका सांसद र सरकारहरूले देखाएकोजस्तो व्यवहार दोहोरिनुहुँदैन भन्ने हाम्रो अपेक्षा छ ।’ भट्टका अनुसार आरक्ष विस्थापितको समस्या समाधान गर्न हालसम्म ३४ वटा आयोग गठन भए पनि ठोस उपलब्धि हासिल हुन सकेको छैन ।
भट्टका अनुसार विस्थापित परिवारको पुनःस्थापनामा कहिले वन ऐनले अवरोध गरेको बहाना देखाइयो भने कहिले सरकारको अस्थिरताका कारण समस्या समाधान हुन नसकेको बताइयो । उनले आफूहरू विस्थापित हुनुअघि पाँच बिघा जमिनका मालिक रहेको स्मरण गर्दै अहिले घरवारविहीन अवस्थासम्म आइपुगेको दुःखेसो व्यक्त गरे ।
विस्थापित परिवारका अनुसार हालसम्म दुई हजार ४ सय ७३ परिवार विभिन्न शिविरमा बस्दै आएका छन् । उनहरु स्थायी पुनःस्थापनाको प्रतीक्षामा वर्षौंदेखि कठिन जीवन बिताउन बाध्य छन् । रासस


# जबरजस्ती करणी अभियोगमा एक पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
१७ वर्षीया एक किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा वीरगंजबाट प्रहरीले एक जनालाई पक्राउ गरेको छ । वीरगन्ज महानगरपालिका बाडा नम्बर–१५ भेडियाही बस्ने ५० वर्षीय भुटन साह भन्ने रामजनम साहलाई प्रहरीले नियन्त्रणमा लिएको हो ।
साहले १७ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको उजुरी परेपछि प्रहरी टोली उनलाई पक्राउन गर्न खटिएको थियो । वडा प्रहरी कार्यालय श्रीपुर र प्रहरी चौकी भिष्वाडाँडाबाट खटिएको संयुक्त टोलीले भुटनलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक सुदिप पाठकले बताए ।
घटनाबारे थप अनुसन्धान भइरहेको र किशोरीको स्वास्थ्य परीक्षण गरि अन्य कानुनी प्रक्रिया अगाडि बढाइएको प्रहरी उपरीक्षक पाठकले जानकारी गराए ।

# पर्सा १ मा २७ उम्मेदवारको जमानत जफत

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रतिनिधिसभा सदस्य निर्वाचनमा पर्सा क्षेत्र नम्बर १ मा २७ जना उम्मेदवारहरुको जमानत जफत भएको छ । पर्सा– १ मा दलगत र स्वतन्त्र गरी ३० जना उम्मेदवारहरु चुनावी प्रतिस्पर्धामा उत्रिएकोमा तीमध्ये २७ जनाको जमानत जफत भएको हो ।
निर्वाचन आयोगका अनुसार, मतगणनाका क्रममा कूल सदर मतको १० प्रतिशत भन्दा कम मत ल्याउने उम्मेदवारको जमानत जफत हुन्छ । जमानत जफत भनेको उम्मेदवारहरूले मनोनयन दर्ता गर्दा राखेको धरौटी रकम फिर्ता नहुने हो ।
पर्सा– १ मा कुल ३० उम्मेदवारहरूले प्रतिस्पर्धा गरेको भएपनि तीमध्ये केवल तीन जनाले मात्र आफ्नो जमानत जोगाउन सफल भएका छन् ।

# महोत्तरीमा २० हजार मत बदर



**महोत्तरी ।**
प्रतिनिधि सभा सदस्य निर्वाचन–२०८२ को मत परिणाम अनुसार प्रत्यक्षतर्फ महोत्तरीमा २० हजार मत बदर भएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालयले जारी गरेको अन्तिम प्रतिवेदनमा जिल्लाको चारवटै निर्वाचन क्षेत्रमा गरी १९ हजार ९३५ मत बदर भएको हो ।
क्षेत्रगत रूपमा महोत्तरीको निर्वाचन क्षेत्र नम्बर १ मा तीन हजार ९५४, निर्वाचन क्षेत्र नम्बर २ मा पाँच हजार ४४९, निर्वाचन क्षेत्र नम्बर ३ मा पाँच हजार १० र निर्वाचन क्षेत्र नम्बर ४ मा पाँच हजार ५२२ मत बदर भएको छ ।
चारवटा निर्वाचन क्षेत्र रहेको महोत्तरीमा जम्मा चार लाख ३१ हजार २८२ मतदाता रहेकामा दुई लाख ६१ हजार ३४६ (६०.५९ प्रतिशत) जनाले मतदान गरेका थिए । जसमध्ये दुई लाख ४१ हजार ४११ मत (९२.३७ प्रतिशत) सदर भएको थियो । १९ हजार ९३५ मत (७.६२ प्रतिशत) बदर भएको हो । रासस

# साहको सक्कल फाइन झिकाउने आदेश

**काठमाडौँ ।**
सर्वोच्च अदालतले धनुषा निर्वाचन क्षेत्र नं १ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार किशोरी साह कमलको उम्मेदवारी खारेजसम्बन्धी निर्णयको फाइलसहित यही फागुन २९ गते उपस्थित हुन निर्वाचन आयोगको नाममा आदेश गरेको छ ।
न्यायाधीश नृपध्वज निरौलाको एकल इजलासले सोमबार रास्वपाका उम्मेदवार साहको उम्मेदवारी खारेज भएको धनुषा १ मा मत परिणामसमेत सार्वजनिक नगर्न भनेको छ ।
आदेशमा मतगणना सम्पन्न भए पनि मतपरिणाम घोषणा नगर्न भनेको छ । आधार कारणसहित आदेश प्राप्त भएको मितिले सात दिनभित्र विपक्षीहरुले महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखितजवाफ पेस गर्न भनिएको छ । रासस

# काठमाडौँमै आठ हजार १९७ मत बदर

**काठमाडौँ ।**
फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा सबैभन्दा बढी साक्षरता दर रहेको काठमाडौँमा आठ हजार १ सय ९७ मत बदर भएको छ ।
जिल्ला निर्वाचन कार्यालय, काठमाडौँका जिल्ला निर्वाचन अधिकारी ठाकुरप्रसाद भट्टराईका अनुसार काठमाडौँ क्षेत्र नं १० मा एक हजार २ सय २६ मत बदर भएको छ । यो क्षेत्रमा ८३ हजार ३ सय १ मतदाता छन् । साठी हजार ४ सय ४१ तत खसेकामा त्यसमध्येमा ५९ हजार २ सय १५ मत सदर भएको थियो ।
निर्वाचन क्षेत्र नं ९ मा ९ सय ३३ मत बदर भएको छ । कूल ७८ हजार ४ सय ९५ मतदाता रहेको यस क्षेत्रमा ५२ हजार ७ सय ४० मत खसेको थियो । यो क्षेत्रमा ५१ हजार ८ सय ७ मत सदर भएको थियो ।
निर्वाचन क्षेत्र नं ८ मा ६ सय २३ मत बदर भएको छ । त्यहाँ कूल मतदाता ५७ हजार ८ सय ११ छन् । सड्तीस हजार ७ सय ९४ मत खसेकामा ३७ हजार १ सय ७१ मत सदर भएको थियो ।
निर्वाचन क्षेत्र नं ७ मा ८ सय ५ मत बदर भएको छ । ६८ हजार ६ सय ८५ कूल मतदाता रहेको क्षेत्रमा ४४ हजार ८ सय ५७ मत खसेको थियो । यस क्षेत्रमा ४४ हजार ५२ मत सदर भएको थियो । निर्वाचन क्षेत्र नं ६ मा ८ सय ११ मत बदर भएको छ । ६७ हजार ७ सय ५९ कूल मतदाता रहेको यस क्षेत्रमा ४५ हजार २ सय ४८ मत खसेको थियो । यहाँ ४४ हजार ४ सय ३७ मत सदर भएको जिल्ला निर्वाचन कार्यालय काठमाडौँले जनाएको छ ।
निर्वाचन क्षेत्र नं ५ मा ९ सय २ मत बदर भएको छ । कूल ७८ हजार १ सय १४ मतदाता रहेको यस क्षेत्रमा ५१ हजार ९ सय ६९ मत खसेको थियो । ५१ हजार ६७ मत सदर भएको थियो । निर्वाचन क्षेत्र नं ४ मा ८ सय ६२ मत बदर भएको छ । कूल ७६ हजार २ सय ५१ मतदाता रहेको यस क्षेत्रमा ५० हजार ९ सय ६३ मत खसेको थियो । खसेकोमध्येमा ५० हजार १ सय १ मत सदर भएको जनाइएको छ ।
निर्वाचन क्षेत्र नं ३ मा ९ सय ४० मत बदर भएको छ । ६४ हजार ४ सय ७९ कूल मतदाता रहेको यस क्षेत्रमा ४४ हजार १ सय ९० मत खसेको थियो । खसेकोमध्ये ४३ हजार २ सय ५० मत सदर भएको थियो । निर्वाचन क्षेत्र नं २ मा एक हजार ९५ मत बदर भएको छ । कूल ८८ हजार ७ सय ८ मतदाता रहेको यस क्षेत्रमा ५९ हजार ४ सय ४१ मत खसेको थियो । खसेकोमध्ये ५८ हजार ३ सय ४६ मत सदर भएको थियो । निर्वाचन क्षेत्र नं १ मा ४ सय ३४ मत बदर भएको छ । कूल मतदाता ५५ हजार २ सय ९२ रहेको यस क्षेत्रमा ३२ हजार ३ सय १४ मत खसेको थियो । जसमध्ये ३१ हजार ८ सय ८० मत सदर भएको थियो ।
देशभर कति मत बदर भयो भन्ने मङ्गलबार सबै मतगणना सकिएपछि भन्न सकिने आयोगले जनाएको छ । अहिलेसम्मको विवरणअनुसार तीनदेखि चार प्रतिशत मत बदर भएको अनुमान गरिएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले राससलाई जानकारी दिए । सोमबार बेलुकीसम्म समानुपातिक प्रणालीतर्फको ९८ लाख २३ हजार मतगणना सकिएको पनि उनले सुनाए । रासस

# समानुपातिकतर्फको मत परिणाम सार्वजनिक

**ताप्लेजुङ।**
ताप्लेजुङमा प्रतिनिधिसभा निर्वाचनअन्तर्गत प्रत्यक्षतर्फ प्राप्त मतको तुलनामा समानुपातिकतर्फ नेपाली कांग्रेस, नेकपा (एमाले) र नेपाली कम्युनिस्ट पार्टीले कम मत प्राप्त गरेका छन्।
मुख्य निर्वाचन अधिकृतको कार्यालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार नेकपा (एमाले) का उम्मेदवार क्षितिज थेवे १३ हजार ९ सय ६२ मत प्राप्त गर्दै विजयी भएका थिए । तर समानुपातिकतर्फ एमालेले प्रत्यक्षतर्फ प्राप्त गरेको मतभन्दा दुई हजार ६ सय १७ मत कम अर्थात् ११ हजार ३ सय ४५ मत मात्रै पाएको छ। थेवेका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका उम्मेदवार गजेन्द्रप्रसाद तुम्याहाङले प्रत्यक्षतर्फ ११ हजार ७ सय ११ मत प्राप्त गरेका थिए।
कांग्रेसले समानुपातिकतर्फ प्रत्यक्षतर्फको मतभन्दा दुई हजार ६८ मत कम अर्थात् नौ हजार ६ सय ४३ मत प्राप्त गरेको छ।
यसैगरी नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार खेलप्रसाद बुढाक्षेत्रीले प्रत्यक्षतर्फ ६ हजार ६ सय ७५ मत प्राप्त गरेका थियो। पार्टीले समानुपातिकतर्फ पाँच हजार २ सय १४ मत मात्रै प्राप्त गरेको छ । जुन प्रत्यक्षतर्फ उम्मेदवारले पाएको मतभन्दा एकहजार ५ सय ६९ मत कम हो। यता श्रम संस्कृति पार्टीका उम्मेदवार सन्तोष राईले प्रत्यक्षतर्फ पाँच हजार २ सय ९ मत प्राप्त गरेका थिए। समानुपातिकतर्फ पार्टीले प्रत्यक्षभन्दा तीन हजार ४ सय ८९ मत बढी अर्थात् कूल आठ हजार ६ सय ९८ मत प्राप्त गरेको छ।
राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार वीरेन्द्र श्रेष्ठले प्रत्यक्षतर्फ पाएको मतभन्दा समानुपातिकतर्फ दुई हजार ३ सय ४० मत बढी प्राप्त गरेका छन् । मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार रास्वपाले समानुपातिकतर्फ छ हजार ४ सय ९५ मत प्राप्त गरेको छ।
सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका उम्मेदवार मुक्साम लावुङले प्रत्यक्षतर्फ २ सय ११ मत प्राप्त गर्नुभएको थियो भने समानुपातिकतर्फ मञ्चले ५ सय १० मत प्राप्त गरेको छ । यो प्रत्यक्षभन्दा २ सय ८९ मत बढी हो। राष्ट्रिय प्रजातन्त्र पार्टी ८८ का उम्मेदवार इन्द्रप्रसाद थापाले प्रत्यक्षतर्फ १ सय ८५ मत प्राप्त गरेका थिए। तर समानुपातिकतर्फ राप्रपाले ४ सय १५ मत प्राप्त गरेको छ। जुन प्रत्यक्षभन्दा २ सय ३० मत बढी हो।
नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का उम्मेदवार नरपति पौडेलले समानुपातिकभन्दा प्रत्यक्षतर्फ बढी मत प्राप्त गरेका थिए। उनले प्रत्यक्षतर्फ १ सय ५५ मत ल्याएका थिए भने समानुपातिकतर्फ पार्टीले १ सय १९ मत मात्रै प्राप्त गरेको छ। जुन ३६ मत कम हो । जनता समाजवादी पार्टीका उम्मेदवार अरुण लेछर्बो लिम्बूले प्रत्यक्षतर्फ १ सय ४१ मत प्राप्त गरेका थिए। तर उनको पार्टीले समानुपातिकतर्फ प्रत्यक्षभन्दा २५ मत कम अर्थात् १ सय १६ मत प्राप्त गरेको छ। रासस

# पर्यटकीय गन्तव्य बन्दै लमजुङको ‘घनपोखरा होमस्टे’

**अच्युत रेग्मी/रासस**
लमजुङको मस्र्याङदी गाउँपालिका–१ स्थित नायुँ र घनपोखरा होमस्टे पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको छ।
विसं २०७२ को भूकम्पबाट क्षति पुगेको घनपोखराको गुरुङबस्ती पुनर्निर्माण गरेर विसं २०७६ साल (घरबास) होमस्टे सञ्चालन भएसँगै नायुँ र घनपोखरा घुम्न आउने पर्यटकको घुइँचो लाग्न थालेको हो।
सार्क राष्ट्रकै नमूना गाउँका रुपमा परिचित घलेगाउँबाट जम्मा दुई किलोमिटर दूरीमा रहेको नायुँ र त्यसभन्दा केही माथि रहेको घनपोखरा पछिल्लो समय आन्तरिक र बाह्य पर्यटकको घुमघाम गर्ने रोजाइको गन्तव्य बनेको हो।
यहाँबाट मनास्लु, ङादीचुली, अन्नपूर्ण, अन्नपूर्ण (चौथो)लगायतका एक दर्जन बढी हिमश्रृङ्खला अवलोकन गर्न सकिन्छ । लमजुङ मध्यनेपाल नगरपालिका–१ जिताबाट घनपोखरा घुम्न आउनुभएका सुमन घिमिरे घनपोखराको आतिथ्यता र त्यहाँबाट देखिने दृश्यावलोकनले आफूलाई ज्याँदै आनन्दित तुल्याएको बताउँछन् । यहाँको हावापानी र सुन्दर, मनोरम दृश्यले पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटक बढ्न थालेका छन्।
नायुँ र घनपोखरा घुम्न आउने पर्यटकलाई घरबास सञ्चालकले गाउँघरमै उब्जाइएका धान, मकै, कोदो, भटमास, साग, सिस्नो, कुरिलो, टुसा, स्थानीय कुखुरा, खसीबोका, भेडाको मासुबाट तयार हुने स्वादिष्ट परिकार पस्कने गरेका छन् । आफ्ना कला संस्कृति जोगाइराख्न रोधीसमेत बस्ने गरेका छन् । गाउँमा आएका पर्यटकलाई स्वागत, सम्मान र बिदाइमा सेतो टीका, फूलको माला, गुच्छा र खादाबाट सम्मान गरिँदै आएको छ। यहाँबाट देखिने सूर्योदय र सूर्यास्तको दृश्यसँगै देखिने हिमाल, मस्र्याङ्दी नदी किनाराका फाँट, मिदिम नदीका किनाराले पर्यटकलाई थप आनन्दित बनाउँदै आएको छ।
समुद्री सतहदेखि दुई हजार १ सय ५० उचाइमा रहेको रमणीय घनपोखरामा गुरुङ समुदायको ६५ घर रहेका छन्। जसमध्ये ११ घरमा होमस्टे सञ्चालन गरिएको छ। यो गाउँमा प्राचीन मौलिकता जोगाउने गरी परम्परागत घुमाउने घरसँगै



स्थानीयको कला, संस्कृतिलाई जगेर्ना गर्ने उद्देश्यका साथ गुरुङ सङ्ग्रहालयसमेत स्थापना गरिएको छ। नायुँ र घनपोखरामा मात्र एक रातमा १ सय जना पाहुना सजिलै बस्न सक्छन् । नायुँ घनपोखरा होमस्टेका सञ्चालक कालीमाया गुरुङ शुक्रबार र शनिबार आफ्नो होमस्टे आउने पर्यटकको संख्या बढी हुने बताउनुहुन्छ। ‘यहाँ मासिक ४ सय देखि ५ सय पाहुनाहरु आउनुहुन्छ, शुक्रबार र शनिबार भने धेरै हुने गर्छ,’ उनले भने।
होमस्टेमा आएका पाहुनालाई जानेबित्तिकै ‘वेलकम ड्रिङ्क्स’, चिया, कफीले स्वागत गर्ने चलन रहेको छ । राती स्थानीयस्तरमा उत्पादित अग्र्यानिक खाना र बिहानको खाजा उपलब्ध गराउँदै आइएको सञ्चालक गुरुङ बताउँछन् । यहाँ जानवित्तिकैको खाजा, रातिको खाना, विहानको खाजा र सुतेको प्रतिव्यक्ति जम्मा एक हजार २ सय ५० रुपैयाँ शुल्क लाग्ने गरेको छ।
मस्र्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङ नायुँ र घनपोखराको पर्यटनलाई थप विकास गर्नका लागि गाउँपालिकाले योजना बनाएर काम गरिरहेको बताउँछन् । ‘होमस्टेलाई थप व्यवस्थित बनाउनका लागि स्थानीय तहमा उत्पादित खानालाई प्रोत्साहन गरेका छौँ,’ उनले भने।
त्यसैगरी घनपोखरा र नायुँको होमस्टेलाई थप व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि होमस्टे सञ्चालकलाई कुकिङ तालिम, होमस्टे सञ्चालन तालिम, विभिन्न बैठक तथा गोष्ठी सञ्चालन गरिरहेको अध्यक्ष गुरुङ बताउँछन्।
घनपोखरा र नायुँमा चैत–वैशाखमा फुल्ने विभिन्न थरीका लालीगुराँस, फुल्ने काफल र ऐँसेलुले पर्यटकलाई थप लोभ्याउने गरेको छ । ग्रामीण जीवनशैलीलाई घनपोखराले जीवन्त राखेको छ । घनपोखरा लमजुङको सदरमुकाम बेँसीसहरबाट २७ किलोमिटर पार गरेपछि पुगिन्छ। यहाँ जानका लागि ठूलो बसमा ३ सय ५० रुपैयाँ र जिपमा ४ सय ५० रुपैयाँ भाडा लाग्ने गरेको छ। पछिल्लो समय लमजुङ सदरमुकाम बेँसीसहर, काठमाडौँ र पोखराबाट घनपोखरा र नायुँ जाने पाहुनाहरु बढेका छन्।

# सर्लाहीका चारै क्षेत्रमा १५४ उम्मेदवारको जमानत जफत, पूर्वमन्त्रीदेखि निवर्तमान सांसदसम्म प्रभावित

**मधेशदृष्टि**
**सर्लाही ।**
प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत सर्लाही जिल्लाका चारवटै निर्वाचन क्षेत्रबाट प्रतिस्पर्धा गरेका पूर्वमन्त्री, निवर्तमान सांसद तथा स्वतन्त्र उम्मेदवारसहित कुल १५४ जनाको जमानत जफत हुने अवस्था देखिएको छ । निर्वाचन कानुनअनुसार कुल सदर मतको कम्तीमा १० प्रतिशत मत प्राप्त गर्न नसक्ने उम्मेदवारको जमानत जफत हुने प्रावधान रहेको छ ।



मुख्य निर्वाचन अधिकृत पुष्पराज थपलियाका अनुसार सम्पन्न निर्वाचनमा ६८ स्वतन्त्रसहित १५४ जना उम्मेदवारले आवश्यक मत हासिल गर्न नसकेपछि उनीहरूको जमानत जफत हुने भएको हो । जमानत गुमाउने सूचीमा पूर्वमन्त्रीदेखि निवर्तमान प्रतिनिधिसभा सदस्यसम्म परेका छन् ।

**सर्लाही–१: २८ उम्मेदवारको जमानत जफत**

सर्लाही क्षेत्र नम्बर १ मा नेपाली कांग्रेसका उम्मेदवार शम्भुलाल श्रेष्ठ बाहेक अधिकांश उम्मेदवारले जमानत जोगाउन सकेनन् । यस क्षेत्रमा जमानत सुरक्षित गर्न कम्तीमा ७ हजार ३८५ मत आवश्यक थियो । तर दुई जनाबाहेक अन्य उम्मेदवारले यो सीमा पार गर्न सकेनन् ।

जनता समाजवादी पार्टीका उम्मेदवार तथा निवर्तमान सांसद रामप्रकाश चौधरी, पूर्व सांसद प्रमोद साह तथा ईश्वरपुर नगरपालिकाका पूर्व मेयर मनोजकुमार देवकोटा सहित २८ जनाको जमानत जफत भएको छ । चौधरीले ३ हजार ९९१ मत प्राप्त गरेका छन् भने साहले ५ हजार ४९८ मत, देवकोटाले ६ हजार १०१ मत प्राप्त गरेका छन् ।

कुल १ लाख ३० हजार ८७१ मतदाता रहेको क्षेत्रमा ७९ हजार २०७ मत खसेको थियो, जसमध्ये ७३ हजार ८४२ मत सदर भएको थियो ।

**सर्लाही–२: राजेन्द्र महतोसहित २९ जनाको जमानत जफत**

सर्लाही क्षेत्र नम्बर २ मा राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष तथा पूर्व उपप्रधानमन्त्री राजेन्द्र महतो सहित २९ उम्मेदवारले जमानत गुमाएका छन् । तीमध्ये १७ जना स्वतन्त्र उम्मेदवार रहेका छन् । यस क्षेत्रमा जमानत जोगाउन ७ हजार २३९ मत आवश्यक थियो । तर महतोले ५ हजार ९९२ मत मात्र प्राप्त गरेपछि उनको जमानत जफत भएको हो ।

यसै क्षेत्रमा पूर्वमन्त्री महेन्द्रराय यादव भने ८ हजार ५२३ मत ल्याउँदै जमानत सुरक्षित गर्न सफल भए ।

कुल १ लाख २५ हजार ३११ मतदाता रहेको क्षेत्रमा ७७ हजार ७८९ मत खसेको थियो । त्यसमध्ये ७२ हजार ३८१ मत सदर र ५ हजार ८ मत बदर भएको थियो ।

**सर्लाही–३: नारायणकाजी श्रेष्ठ मात्र जमानत जोगाउन सफल**

सर्लाही क्षेत्र नम्बर ३ मा ३४ जना उम्मेदवार मैदानमा उत्रिएका थिए । तीमध्ये पूर्व गृहमन्त्री नारायणकाजी श्रेष्ठ बाहेक अन्य अधिकांश उम्मेदवारले जमानत जोगाउन सकेनन् । निर्वाचन अधिकृत नवराज आचार्यका अनुसार १९ स्वतन्त्रसहित ३२ उम्मेदवारले आवश्यक मत नल्याउँदा जमानत जफत हुने भएको छ ।

जमानत सुरक्षित गर्न ७ हजार ७८४ मत आवश्यक थियो भने श्रेष्ठले १३ हजार ३३८ मत प्राप्त गरेका छन् । यस क्षेत्रमा पूर्व रक्षामन्त्री तथा निवर्तमान सांसद हरिप्रसाद उप्रेती र नेपाली कांग्रेसका विनोदकुमार खनाल लगायतका उम्मेदवारको जमानत जफत भएको छ ।

**सर्लाही–४: गगन थापा र एमालेका यादवले मात्र जोगाए जमानत**

सर्लाही क्षेत्र नम्बर ४ मा नेपाली कांग्रेसका सभापति गगनकुमार थापा र नेकपा एमालेका उम्मेदवार अमनिसकुमार यादव बाहेक अन्य सबै उम्मेदवारको जमानत जफत भएको छ । ३८ जना उम्मेदवार रहेको यस क्षेत्रमा २३ स्वतन्त्रसहित ३५ जनाले जमानत जोगाउन सकेनन् । जमानत सुरक्षित गर्न आवश्यक ७ हजार ३३७ मत धेरै उम्मेदवारले ल्याउन सकेनन् ।

यस क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टीका अमरेशकुमार सिंह ३५ हजार ६८८ मतसहित विजयी भएका छन् । गगन थापाले २२ हजार ८३१ मत प्राप्त गरेका छन् भने अमनिसकुमार यादवले ९ हजार ३४३ मत प्राप्त गरेका छन् ।

कुल १ लाख २१ हजार १२ मतदाता रहेको क्षेत्रमा ७७ हजार ९३१ मत खसेको थियो । त्यसमध्ये ७३ हजार ३६२ मत सदर र ४ हजार ५६९ मत बदर भएको थियो ।

प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रत्यक्षतर्फ कुल सदर मतको १० प्रतिशतभन्दा कम मत प्राप्त गर्ने उम्मेदवारको जमानत जफत हुने कानुनी प्रावधान रहेको छ । उम्मेदवारले मनोनयन दर्ता गर्दा बुझाएको उक्त रकम राज्यकोषमा जाने व्यवस्था निर्वाचन आयोगले स्पष्ट पारेको छ । यस पटक जिल्लाका चारवटै क्षेत्रमा विजयी उम्मेदवारहरूले उच्च मत ल्याएपछि जमानत गुमाउने उम्मेदवारको संख्या उल्लेख्य रूपमा बढेको देखिएको छ ।

# पर्सामा समानुपातिक तर्फपनि रास्वपाको दबदबा



**मधेशदृष्टि**
**वीरगंज ।**
प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ मा पर्सा जिल्लामा प्रत्यक्षतर्फका चारै सीट जितेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) समानुपातिकतर्फ पनि सबैभन्दा बढी मत प्राप्त गर्दै पहिलो दल बनेको छ । फागुन २१ गते सम्पन्न निर्वाचनमा पर्सा जिल्लामा समानुपातिकतर्फ रास्वपाले १ लाख ३६ हजार ८९३ मत प्राप्त गरेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

यसअघि २०७९ को निर्वाचनमा पर्सामा समानुपातिकतर्फ पहिलो दल बनेको नेपाली कांग्रेस यसपटक दोस्रो स्थानमा झरेको छ ।

प्रत्यक्षतर्फ चारै सीटमा पराजित भएको कांग्रेसले समानुपातिकतर्फ ४२ हजार ३१५ मत मात्र प्राप्त गरेको छ । यस्तै नेकपा एमालेले ३६ हजार ३२७ मत प्राप्त गरेको छ । त्यसपछि राष्ट्रिय प्रजातन्त्र पार्टीले ९ हजार १५९, जनता समाजवादी पार्टी नेपालले ७ हजार ७८९, नेपाली कम्युनिष्ट पार्टीले ५ हजार १५७, राष्ट्र निर्माण दलले २ हजार २४७, जनमत पार्टीले १ हजार ८०० र राष्ट्रिय परिवर्तन पार्टीले १ हजार ५४७ मत प्राप्त गरेका छन् ।

क्षेत्रअनुसार मत परिणाम

पर्सा निर्वाचन क्षेत्र नम्बर–१ मा समानुपातिकतर्फ रास्वपाले ३४ हजार ४६३ मत प्राप्त गर्दै पहिलो स्थान हासिल गरेको छ । यस क्षेत्रमा नेकपा एमाले ९ हजार २३१ मतसहित दोस्रो र नेपाली कांग्रेस ८ हजार २६७ मतसहित तेस्रो स्थानमा रहेका छन् । यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टी ३ हजार २४० मतसहित चौथो र जनता समाजवादी पार्टी नेपाल १ हजार ९९ मतसहित पाँचौं स्थानमा रहेको छ ।

पर्सा क्षेत्र नम्बर–२ मा पनि रास्वपाले ३४ हजार ९१८ मतसहित पहिलो स्थान हासिल गरेको छ । यहाँ नेपाली कांग्रेस १० हजार ३४० मतसहित दोस्रो र नेकपा एमाले ८ हजार ५८५ मतसहित तेस्रो स्थानमा छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी ३ हजार ५०६ मतसहित चौथो र जनता समाजवादी पार्टी नेपाल २ हजार ४५० मतसहित पाँचौं स्थानमा रहेको छ ।

पर्सा क्षेत्र नम्बर–३ मा रास्वपाले ३७ हजार १२३ मत प्राप्त गर्दै पहिलो स्थान हासिल गरेको छ । नेपाली कांग्रेस १२ हजार १९६ मतसहित दोस्रो र नेकपा एमाले ८ हजार ५७६ मतसहित तेस्रो स्थानमा रहेका छन् । त्यसपछि नेपाली कम्युनिष्ट पार्टी १ हजार ५१४, राष्ट्रिय प्रजातन्त्र पार्टी १ हजार ४३४, जनमत पार्टी ९०१, राष्ट्र निर्माण दल ५३२, श्रम संस्कृति पार्टी ३३३ र आजपा ३०१ मतसहित क्रमशः रहेका छन् ।

पर्सा क्षेत्र नम्बर–४ मा पनि रास्वपाले ३० हजार ३८९ मतसहित पहिलो स्थान हासिल गरेको छ । नेपाली कांग्रेस ११ हजार ५१२ मतसहित दोस्रो र नेकपा एमाले ९ हजार ९३५ मतसहित तेस्रो स्थानमा रहेका छन् । जनता समाजवादी पार्टी नेपाल ४ हजार ३ मतसहित चौथो, नेपाली कम्युनिष्ट पार्टी २ हजार ४९ मतसहित पाँचौं, राष्ट्रिय प्रजातन्त्र पार्टी ९९३ मतसहित छैटौं, राष्ट्रिय परिवर्तन पार्टी ९१२ मतसहित सातौं, जनमत पार्टी २४४ मतसहित आठौं, नेपाल जनता पार्टी २३१ मतसहित नवौं र श्रम संस्कृति पार्टी २०३ मतसहित दशौं स्थानमा रहेका छन् ।

# बारामा पूर्वमन्त्री सहित ९९ उम्मेदवारको जमानत जफत



**मधेशदृष्टि**
**वीरगंज ।**
प्रतिनिधिसभा सदस्य निर्वाचनमा बाराको विभिन्न क्षेत्रबाट उम्मेदवारी दिएका पूर्व मन्त्रीसहित धेरैजना उम्मेदवारको जमानत जपफ्त भएको छ । बारामा पूर्वमन्त्री ज्वालाकुमारी साह सहितका पूर्व सांसदहरू समेत गरी ९९ जनाको जमानत जफत भएको हो । बारा–३ बाट उम्मेदवार बनेकी पूर्वकृषिमन्त्री साह सहित जनता समाजवादीका पूर्वसांसद रामबाबु यादव र जनमत पार्टीबाट उम्मेदवार बनेका संविधान सभा सदस्य प्रमोद गुप्ताको पनि जमानत जफत भएको छ ।

बारा–३ मा रास्वपाका उम्मेदवार अरविन्द साहले ४० हजार ६ सय ९७ मत ल्याएर जित निकाल्दा उनका निकटतम प्रतिद्वन्दी नेपाली कांग्रेसका सहमहामन्त्री फरमुल्लाह मंसुर बाहेक सबै उम्मेदवारको जमानत जफत भयो । बारा–४ मा पूर्वमन्त्री किसान श्रेष्ठ र जनता समाजवादीका उम्मेदवार सञ्जु साह बाहेकका सबै उम्मेदवारको जमानत जफत भएको छ ।

यहाँ रास्वपाका रहबर अंसारीले ४१ हजार २ सय मत ल्याएर जित निकाले बारा–४ मै उम्मेदवार रहेका राष्ट्र निर्माण दलका केन्द्रीय अध्यक्ष समिम मियाँ अंसारी र परिवर्तन पार्टीका उम्मेदवार पूर्व आईजीपी सर्वेन्द्र खनालले पाँचसय मत पनि ल्याउन सकेनन् । अंसारीले ४ सय ८१ र खनालले ४ सय ६४ मत प्राप्त गरेका छन् ।

बारा–४ मा ३७ जना उम्मेदवार प्रतिस्पर्धामा थिए । बारा–१ मा रास्वपा उम्मेदवार गणेश धिमालले जित्दा कांग्रेस र एमालेका उम्मेदवार बाहेक अन्यको जमानत जफत भयो । बारा–२ मा रास्वपाका उम्मेदवार चन्दन सिंह विजयी भएका छन् । उनका निकटतम प्रतिद्वन्द्वी जसपाका रामकिशोर यादव र कांग्रेसका भैयाराम यादव बाहेकका अन्य उम्मेदवारले जमानत जोगाउन सकेनन् ।

यहाँ एमालेबाट संविधान सभा सदस्य बलवीर चौधरी, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट संविधान सभा सदस्य शिवचन्द्र कुशवाहा, नेपाली कम्युनिस्ट पार्टीबाट पूर्वराष्ट्रिय सभा सदस्य रमेशप्रसाद यादव लगायत २९ जना उम्मेदवार प्रतिस्पर्धामा थिए । निर्वाचन ऐन अनुसार कूल सदर मतको १० प्रतिशत प्राप्त गर्न नसक्ने उम्मेदवारको जमानत जफत हुने व्यवस्था छ ।

# पर्सा जिल्लामा धेरै मत बदर




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लामा धेरैको संख्यामा मत बदर भएको छ । जिल्लाको चारवटै क्षेत्रमा १६ हजार बढी मत बदर भएको विवरण सार्वजनिक भएको हो । पर्सा जिल्लाभर ६ प्रतिशत भन्दा बढी प्रत्यक्षतर्फका मत बदर भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

चारवटै क्षेत्रमा कुल कसेको २ लाख ५९ हजार २ सय ६४ मतको, ६ दशमलव ३३ प्रतिशत मत बदर भएको मुख्य निर्वाचन अधिकृत गायत्री प्रसाद रेग्मीले बताए । उनका अनुसार जिल्लाका चारवटै क्षेत्रमा १६ हजार ४ सय ३० मत बदर भएको छ । पर्सा क्षेत्र नम्बर १ मा ४ हजार ८१, क्षेत्र नम्बर २ मा ४ हजार ५ सय मत बदर भएको छ । यसैगरी क्षेत्र नम्बर ३ मा ४ हजार ७ सय ३० र क्षेत्र नम्बर ४ मा ३ हजार १ सय १९ मत बदर भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

यसैगरि महोत्तरी जिल्लामा १९ हजार भन्दा बढि मत बदर भएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालयले जारी गरेको अन्तिम प्रतिवेदनमा जिल्लाको चार वटै निर्वाचन क्षेत्रमा गरी १९ हजार ९३५ मत बदर भएको हो ।

क्षेत्रगत रूपमा महोत्तरीको निर्वाचन क्षेत्र नम्बर १ मा तीन हजार ९५४, निर्वाचन क्षेत्र नम्बर २ मा पाँच हजार ४४९, निर्वाचन क्षेत्र नम्बर ३ मा पाँच हजार १० र निर्वाचन क्षेत्र नम्बर ४ मा पाँच हजार ५२२ मत बदर भएको मुख्य निर्वाचन अधिकृत माधवप्रसाद अधिकारीले बताए ।

चार वटा निर्वाचन क्षेत्र रहेको महोत्तरीमा जम्मा चार लाख ३१ हजार २८२ मतदाता कायम गरिएकोमा प्रतिनिधिसभा सदस्य २०८२ मा जम्मा दुई लाख ६१ हजार ३४६ जनाले मतदान गरेका थिए । जसमा १९ हजार ९३५ मत अर्थात ७.६२ प्रतिशत मत बदर भएको हो ।

# गादीमाई वन क्षेत्रभित्रबाट काठ तस्करी भइरहेको आरोप

**मधेशदृष्टि**
**वीरगंज ।**
डिभिजन वन कार्यलय पर्सा अन्तर्गत गादीमाई वन व्यवस्थापन कार्यलय मतहहतमा रहेका वन क्षेत्रभित्रबाट व्यापक काठ तस्करी भई रहेको भन्दै स्थानिय बासिन्दा विरोधमा उत्रिएका छन् ।

विरोध स्वरुप आइतवार सब डिभिजन कार्यलय बसन्तपुर घेराउ गरिएको र सोमबार वन संरक्षण पक्षधरले समुदाय स्तरमा छलफल गरेको छ ।

साझेदारी वन क्षेत्रबाट व्यापक काठ तस्करी भई रहेको जिराभवानीपुर गापाका कार्य समिती सदस्य सरोज चौरसियाले आरोप लगाएका छन ।

साझेदारी गठन हुन अघि कर्मचारीहरुको निगरानीमा रहेका वन क्षेत्रमा लुकीछिपी काठ तस्करी हुने गरेको भएता पनि हाल साझेदारी गठनपछि खुलेआम वन फँडानी हुन लागेको भन्दै सो क्षेत्रका बासिन्दाले चिन्ता जाहेर गरेका छन् ।

समितीका अध्यक्ष सोहरुम राउत गद्दी, साझेदारिका केही कर्मचारी र वन कर्मचारी समेतको मिलोमतोमा खुलेआम साल, सत्तीसाल, तथा सिसमको काँचो रुख काटने काटेर बेच्ने गरेको आरोप चौरसियाको छ ।

# मधेशमा रास्वपाको एकछत्र जीत

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ को सार्वजनिक मत परिणाम अनुसार मधेस प्रदेशमा राष्ट्रीय स्वतन्त्र पार्टीको एकछत्र जीत हासिल भएको छ । आठ जिल्लामा फैलिएको प्रदेशका ३२ प्रतिनिधिसभा निर्वाचन क्षेत्रमध्ये ३० सिटमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) विजयी हुँदै ऐतिहासिक सफलता हासिल गरेको छ ।

सार्वजनिक नतिजाअनुसार नेपाली कांग्रेसले एक सिट जितेको छ भने एक निर्वाचन क्षेत्रको परिणाम अझै सार्वजनिक हुन बाँकी छ । धनुषा क्षेत्र नम्बर–१ मा रास्वपाका उम्मेदवारलाई निर्वाचन आयोगले खारेज गरि दिए पछि आयोगले नतिजा सार्वजनिक गरेको छैन । मतगणनामा भने उक्त क्षेत्रमा पनि रास्वपाकै मत अत्याधिक रहेको बताइएको छ ।

अन्तिम परिणामअनुसार पर्सा, बारा, सर्लाही, सप्तरी, सिरहा र महोत्तरीमा रास्वपाले क्लीन स्विप गरेको छ । चार चार निर्वाचन क्षेत्र रहेको उक्त जिल्लाहरूमा पुरै सिट रास्वपाले जितेको हो । रौतहटको चार सिट मध्ये निर्वाचन क्षेत्र नं. २ को एक सिट नेपाली काँग्रेसले जितेको छ भने बाँकी तीन सिट रास्वपाको पोल्टोमा पुगेको छ । उता धनुषामा पनि चार सीट मध्ये तीन सीटमा रास्वपा विजयी भइसकेको छ । यस क्रममा उपेन्द्र यादव, गगन थापा, नारायणकाजी श्रेष्ठ र गिरिराजमणि पोखरेलजस्ता स्थापित नेताहरू समेत पराजित भएका छन् । रास्वपाले मधेसमा पहिलो पटक व्यापक जनसमर्थन प्राप्त गर्दै प्रदेशको राजनीतिक शक्ति सन्तुलनलाई नयाँ दिशा दिएको हो ।

सम्पादकीय

# जनताले खोजेको सरकार र बालेनको अब बन्ने सरकार

जनताले परिवर्तनको चाहनासहित दिएको मतको परिणामस्वरूप राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रधानमन्त्रीका रूपमा बालेन्द्र साह (बालेन) लाई प्रस्ताव गर्नु राजनीतिक रूपमा असामान्य तर अर्थपूर्ण संकेत हो। परम्परागत दलहरूप्रति बढ्दो असन्तुष्टि र वैकल्पिक नेतृत्वप्रतिको खोजीबीच आएको यस्तो प्रस्तावले नेपाली राजनीतिमा नयाँ विमर्श सुरु गरेको छ। चुनावी परिणामलाई केवल सत्ताको गणितका रूपमा मात्र नभई जनभावनाको सन्देशका रूपमा बुझ्ने हो भने यो प्रस्तावलाई परिवर्तनको प्रतीकात्मक अभिव्यक्तिका रूपमा पनि हेर्न सकिन्छ।

यदि बालेन साहको नेतृत्वमा सरकार बन्ने अवस्था आयो भने त्यो सरकारको स्वरूप परम्परागत सत्ता–साझेदारीको ढाँचाभन्दा फरक हुनुपर्ने अपेक्षा स्वाभाविक छ। स्थानीय सरकारको नेतृत्वमा उनले देखाएको प्रशासनिक कठोरता, सेवा प्रवाहमा देखिएको सक्रियता र भ्रष्टाचारप्रति शून्य सहिष्णुता जस्ता संकेतहरूले जनतामा आशा जगाएका छन्। तर स्थानीय तह र संघीय सरकारको सञ्चालनबीच ठूलो अन्तर हुन्छ।

त्यसैले सम्भावित सरकारलाई व्यक्तिगत लोकप्रियताभन्दा संस्थागत क्षमता र सक्षम टिम निर्माणमा केन्द्रित हुनुपर्ने चुनौती हुनेछ।

यस्तो सरकार बनाउन कूटनीतिक र राजनीतिक पहल अत्यन्तै महत्वपूर्ण हुनेछ। संघीय संसदमा स्थिर बहुमत बिना कुनै पनि सरकार टिकाउ हुन सक्दैन। त्यसैले बालेनको नेतृत्वमा बन्ने सरकारलाई केवल जनआन्दोलनजस्तो भावनात्मक समर्थनले मात्र होइन, दलहरूबीचको संवाद, सहकार्य र न्यूनतम साझा कार्यक्रमको आधारमा अघि बढ्नुपर्ने हुन्छ। परिवर्तनको भाषण मात्र होइन, शासनको व्यवहारिक संरचना निर्माण गर्ने क्षमता नै यहाँ निर्णायक बन्नेछ।

नेपाली जनताले बालेनसँग गरेको अपेक्षा निकै स्पष्ट छ—साफ शासन, पारदर्शी निर्णय, छिटो सेवा र विकासमा परिणाम। भ्रष्टाचार नियन्त्रण, प्रशासनिक सुधार, आर्थिक गतिविधि चलायमान बनाउने नीति र युवालाई आशा दिने राजनीतिक संस्कार जनताले खोजिरहेका छन्। जनताले अब केवल भाषण होइन, परिणाम देख्न चाहन्छन्। यही कारणले बालेनको सम्भावित नेतृत्वलाई केवल राजनीतिक प्रयोग नभई सुशासनको परीक्षणका रूपमा पनि हेरिनेछ।

अन्ततः जनताले खोजेको सरकार व्यक्तिको होइन, प्रणालीको सुधार गर्ने सरकार हो। जनादेशलाई सम्मान गर्दै बनेको सरकार जनताप्रति उत्तरदायी, पारदर्शी र परिणाममुखी हुनुपर्छ। यदि बालेन साहको नेतृत्वमा यस्तो सरकार बन्न सक्छ भने त्यो केवल सरकार परिवर्तन मात्र होइन, नेपाली राजनीतिक संस्कार परिवर्तनको सुरुवात पनि हुन सक्छ। तर यदि अपेक्षा पूरा हुन सकेन भने जनताले विकल्प खोज्ने क्रम झन् तीव्र हुने निश्चित छ।

# नेपालमा हिन्दी भाषाको विकासमा महामना राजेश्वर नेपालीको योगदान



– राघवेन्द्र साह

फाल्गुण २६ गतेको दिन नेपाल तथा हिन्दी भाषी समाजका लागि विशेष महत्व राख्ने दिन हो। यस दिन हिन्दीप्रेमी, साहित्यकार तथा बुद्धिजीवीहरूले हिन्दी दिवसको रूपमा भाषा, साहित्य र संस्कृतिप्रति आफ्नो सम्मान र श्रद्धा व्यक्त गर्छन्। हिन्दी केवल एउटा भाषा मात्र होइन, दक्षिण एशियाको साझा सांस्कृतिक पहिचान पनि हो। नेपालका तराई–मधेश क्षेत्रहरूमा हिन्दी भाषा लामो समयदेखि सामाजिक, साहित्यिक र सांस्कृतिक संवादको महत्वपूर्ण माध्यमका रूपमा प्रयोग हुँदै आएको छ। यस भाषाको संरक्षण, विकास र प्रवद्र्धनमा धेरै साहित्यकार, पत्रकार तथा समाजसेवीहरूले महत्वपूर्ण भूमिका खेलेका छन्। तीमध्ये वरिष्ठ पत्रकार, साहित्यकार तथा हिन्दीसेवी महामना राजेश्वर नेपालीको योगदान विशेष उल्लेखनीय मानिन्छ।

महामना राजेश्वर नेपालीद्वारा स्थापित जनकपुर बौद्धिक समाज ले नेपालमा हिन्दी भाषाको विकासका लागि ऐतिहासिक पहल गरेको थियो। यसै संस्थाको आयोजनामा वि.सं. २०५२ साल फाल्गुण २६ र २७ गते जनकपुरधामस्थित जगत जननी जानकी मन्दिरको प्रांगणमा प्रथम नेपाल राष्ट्रिय हिन्दी सम्मेलन आयोजना गरिएको थियो। उक्त सम्मेलनको उद्घाटन तत्कालीन महिला तथा समाज कल्याण मन्त्री श्रीमती लीला कोइरालाद्वारा गरिएको थियो। यस सम्मेलनले नेपालमा हिन्दी भाषालाई दोस्रो राष्ट्रभाषाको मान्यता दिनुपर्ने मागलाई प्रमुख रूपमा उठाएको थियो। यसरी यो सम्मेलन नेपालमा हिन्दी भाषाको सम्मान र अधिकारका लागि एउटा महत्वपूर्ण ऐतिहासिक सुरुआत बन्न पुग्यो।

प्रथम सम्मेलनको सफलतापछि यो अभियान निरन्तर अघि बढ्दै गयो। वीरगञ्ज, भैरहवा, नेपालगञ्ज, विराटनगर लगायत विभिन्न शहरहरूमा क्रमशः द्वितीय, तृतीय, चतुर्थ हुँदै अन्य राष्ट्रिय हिन्दी सम्मेलनहरू आयोजना गरिँदै आए।

हालसम्म कुल १९ वटा राष्ट्रिय हिन्दी सम्मेलन सम्पन्न भइसकेका छन्। यी सम्मेलनहरूले हिन्दी भाषी साहित्यकार, कवि तथा लेखकहरूको कृतिको प्रकाशन, सम्मान र प्रचार–प्रसारमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्। साथै नेपालमा हिन्दी भाषाको संरक्षण र विकासका लागि नेपाल हिन्दी प्रतिष्ठान को प्रभावकारी सञ्चालनको माग पनि निरन्तर रूपमा उठाइँदै आएको छ।

नेपालमा हिन्दी भाषाको इतिहास अत्यन्त पुरानो र गौरवशाली रहेको पाइन्छ। हिन्दीका आदिकवि मानिने कुक्करीपाको जन्म सन् ८४० ईस्वीमा नेपालको तौलिहवामा भएको मानिन्छ। उनले आफ्नो काव्य र साहित्यिक सिर्जनाबाट हिन्दी भाषाको प्रारम्भिक विकासमा महत्वपूर्ण योगदान दिएका थिए। त्यसैगरी करिब साढे छ सय वर्षअघि दाङका राजा रतन सेनले रामायणसहित धेरै हिन्दी ग्रन्थहरूको रचना गरेका थिए। उनले रचेको "दंगी रामायण" हिन्दी साहित्यको इतिहासमा एक महत्वपूर्ण कृति मानिन्छ।

यस साहित्यिक परम्परालाई निरन्तरता दिने कार्य जनकपुरस्थित जानकी मन्दिरका आदि महन्थ सूरकिशोर दासले करिब तीन सय वर्षअघि "मिथिला विलास" नामक ग्रन्थ लेखेर गरेका थिए। उक्त कृतिमा मिथिलाको सामाजिक, सांस्कृतिक तथा धार्मिक जीवनको सुन्दर चित्रण गरिएको पाइन्छ। त्यसपछि पनि धेरै साहित्यकारहरूले हिन्दी साहित्यको विकासमा योगदान दिएका छन्। जनकराज किशोरी शरण रसिक अली, पण्डित रमाकान्त झा, गोकुल गिरि, पण्डित अवधकिशोर दास, पण्डित उर्मिलाकान्त शरण, श्यामलाल मिश्र, रामस्वरूप प्रसाद बी.ए. तथा डा. शिवशंकर यादवजस्ता विद्वानहरूले हिन्दी साहित्यलाई समृद्ध बनाउँदै यसको परम्परालाई निरन्तर अघि बढाएका छन्। यसलाई नेपालमा हिन्दी साहित्यको स्वर्णिम इतिहासका रूपमा लिन सकिन्छ।

नेपालमा हिन्दी भाषाको अवस्था र भविष्यबारे गहिरो अध्ययन गर्ने वरिष्ठ पत्रकार तथा साहित्यकार राजेश्वर नेपालीको योगदान अत्यन्त महत्वपूर्ण छ। उहाँ केवल लेखक वा पत्रकार मात्र नभई हिन्दी भाषाका समर्पित अभियन्ता हुनुहुन्छ। उहाँको व्यक्तित्व कर्मठता, जागरूकता, संवेदनशीलता र क्रान्तिदर्शी सोचले भरिपूर्ण छ। समाज, संस्कृति, राजनीति र भाषा क्षेत्रप्रति उहाँको गहिरो चिन्तन र अध्ययन रहेको पाइन्छ।

राजेश्वर नेपालीले हिन्दी भाषाको अस्तित्वको रक्षा, यसको उत्थान र प्रचार–प्रसारका लागि जीवनभर सक्रिय भूमिका निर्वाह गर्नुभएको छ। उहाँले केवल नारा र भाषणमा सीमित नरही व्यावहारिक र रचनात्मक कार्यहरू गर्नुभएको छ। यसै उद्देश्यले उहाँले हिन्दी भाषामा 'लोकमत' नामक समाचारपत्रको प्रकाशन सुरु गर्नुभएको थियो। त्यस समय हिन्दीमा समाचारपत्र निकाल्नु निकै कठिन काम थियो। विभिन्न प्रशासनिक तथा सामाजिक चुनौतीहरूका बीच पनि उहाँले आफ्नो अभियानलाई निरन्तर अघि बढाउनुभयो।

हिन्दी भाषाको अवस्था र यसको महत्वबारे समाजलाई जानकारी गराउन उहाँले विभिन्न पुस्तकहरूको रचना गर्नुभएको छ। साथै हिन्दी कविताको संकलन प्रकाशित गरेर धेरै नयाँ र प्रतिभाशाली लेखकहरूलाई हिन्दीमा लेखन गर्न प्रेरित गर्नुभएको छ। उहाँ केवल लेखक र सम्पादक मात्र नभई हिन्दी साहित्यकारहरूका संरक्षकका रूपमा पनि चिनिनुहुन्छ। उहाँ देशभरका हिन्दी लेखक र कविहरूसँग भेटघाट गर्न स्वयं पुगेर उनीहरूको उत्साह बढाउने कार्यमा पनि सक्रिय रहनुभएको छ।

राजेश्वर नेपालीको अर्को महत्वपूर्ण विशेषता भनेको हिन्दी साहित्यकारहरूको सम्मान र प्रोत्साहनका लागि नियमित रूपमा राष्ट्रिय हिन्दी सम्मेलनहरूको आयोजना गर्नु हो। यी सम्मेलनहरूमा जीवित लेखक तथा साहित्यकारहरूलाई सम्मान गरिनुका साथै दिवंगत विद्वानहरूलाई मरणोपरान्त सम्मान गर्ने परम्परा पनि सुरु गरिएको छ। उहाँको विचारमा कुनै पनि लेखक, कवि वा विद्वानको योगदान सानो वा ठूलो हुँदैन, त्यसैले सबैको योगदानको सम्मान हुनुपर्छ।

रूपन्देही जिल्लामा जन्मिएका प्रसिद्ध हिन्दी इतिहासकार तथा २००७ सालका प्रजातन्त्र सेनानी स्वर्गीय काशी प्रसाद श्रीवास्तव तथा प्रख्यात हिन्दी विद्वान डा. कृष्णचन्द्र मिश्रलाई विशेष रूपमा सम्मानित गर्नु पनि राजेश्वर नेपालीको प्रशंसनीय कार्य हो।

मधेशी समाजमा हिन्दी भाषाप्रति प्रेम, आत्मसम्मान र जागरूकता जगाउन उहाँले देखाउनुभएको उत्साह, मेहनत र समर्पण वास्तवमै अनुकरणीय छ। उहाँका प्रयासहरूले हिन्दी भाषालाई केवल साहित्यिक क्षेत्रमै सीमित नराखी सामाजिक सम्मान दिलाउने दिशामा महत्वपूर्ण भूमिका खेलेका छन्।

आजको समयमा जब भाषिक विविधता र सांस्कृतिक पहिचानका विषयहरू महत्वपूर्ण बन्दै गइरहेका छन्, त्यस्तो अवस्थामा हिन्दी भाषाको संरक्षण र विकासका लागि यस्ता व्यक्तित्वहरूको योगदान झनै महत्वपूर्ण देखिन्छ। हिन्दी दिवसले हामीलाई यही सन्देश दिन्छ कि भाषा केवल बोल्ने माध्यम मात्र होइन, हाम्रो संस्कृति, इतिहास र पहिचानको आधार पनि हो।

नेपालमा हिन्दी भाषाको समृद्ध परम्परा तथा राजेश्वर नेपालीजस्ता समर्पित व्यक्तित्वहरूको अथक प्रयासका कारण हिन्दी भाषा आज पनि सम्मानका साथ जीवित छ। यस इतिहासले भविष्यका पुस्तालाई प्रेरणा प्रदान गर्ने निश्चित छ।

# यी हुन्, पैँतीस वर्षमुनिका माननीयहरू

प्रगति ढकाल÷रासस

भदौ २३ र २४ गतेको 'जेन्जी' आन्दोलनपछि सिर्जित विशेष राजनीतिक परिस्थितिबीच सम्पन्न भएको प्रतिनिधिसभा सदस्य निर्वाचनको परिणाम आउने क्रम अन्तिम चरणमा रहेको छ। अधिकांश निर्वाचन क्षेत्रको नतिजा आइसकेको छ भने समानुपातिकतर्फको मतगणना प्रक्रिया अझै जारी छ। तर, यसपटकको निर्वाचनले नेपाली राजनीतिमा नयाँ पुस्ताको बलियो प्रवेश गराएको छ।

यसपटक प्रतिनिधिसभा सदस्यको निर्वाचनमा ३५ वर्षमुनिका युवाले उल्लेखनीय सफलता हात पारेका छन्। पुराना पुस्ताको बाक्लो उपस्थिति रहेको संसद्मा अब भने नयाँ पुस्ताको उपस्थिति बाक्लो देखिने भएको छ।

विशेषगरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट उम्मेदवारी दिएका धेरै युवा पुस्ताले विभिन्न निर्वाचन क्षेत्रमा प्रभावशाली मतसहित विजय हासिल गरेका छन्। उहाँहरूको जितले नयाँ सोचलाई अवसर दिन चाहेको सन्देश पनि दिएको छ।

अब संसद्मा प्रवेश गरेका यी युवा सांसदहरूले जनताले राखेको अपेक्षा कत्तिको पूरा गर्न सक्छन् भन्ने हेर्न बाँकी नै छ। यस निर्वाचनको परिणामले नेपाली राजनीतिमा पुस्तान्तरणको बहसलाई नयाँ ऊर्जा भने पक्कै दिएको छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट ३५ मुनिका २० जना उम्मेदवार निर्वाचित भएका छन्।

यसैगरी, नेपाली कांग्रेसबाट एक, श्रम संस्कृति पार्टीबाट एक, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट एक जना गरी यसपटक २३ जना ३५ वर्षमुनिका उम्मेदवारले प्रत्यक्ष चुनाव जितेका छन्। ३५ वर्षमुनिका सांसदको अग्रसूचीमा हुनुहुन्छ, ३० वर्षीया सोविता गौतम। दोलखाको तामाकोशी गाउँपालिका जामुनेमा जन्मिनुभएकी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को केन्द्रीय सदस्य रहनुभएकी गौतम चितवन–३ बाट विजयी हुनुभएको छ।

उहाँले ५९ हजार २ सय ७७ मत ल्याएर विजयी हुनुभएको हो। गौतमको निकतम प्रतिस्पर्धी रेणु दाहालले २० हजार ६ सय १५ मत प्राप्त गर्नुभएको थियो। ३० वर्षको उमेरमा उहाँ दोस्रोपटक प्रतिनिधिसभाको सांसद बन्नुभएको छ। उहाँले २०७९ सालको प्रतिनिधिसभामा काठमाडौँ–२ बाट जित हासिल गर्नुभएको थियो। कानुनमा स्नातक गर्नुभएको अधिवक्ता गौतमले अत्यधिक मतका साथ विजयी हुनुभयो।

पैँतीस वर्षमुनिकै अर्का सांसद हुनुहुन्छ, सुलभ खरेल। २०५४ साल भदौ बुटवलमा जन्मुनिभएका खरेल २८ वर्षको उमेरमा नै सांसद बन्ने अर्को उम्मेदवार हुनुहुन्छ। उहाँ प्रतिनिधिसभा सदस्यको चुनावमा रूपन्देही–२ बाट ५६ हजार ५ सय ५० मत ल्याएर विजयी हुनुभएको छ। उहाँका निकटतम प्रतिस्पर्धी पूर्वअर्थमन्त्री रहनुभएका नेकपा (एमाले)का उम्मेदवार विष्णु पौडेलले १२ हजार ८६१ मत ल्याउनुभएको थियो। खरेलले नेपाल ल क्याम्पसबाट पाँचवर्षे बिए–एलएलबी अध्यायन गर्नुभएको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचनमा मोरङ क्षेत्र नम्बर ६ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को उम्मेदवार रुविना आचार्य विजयी हुनुभएको छ। विराटनगरमा जन्मिनुभएकी आचार्यले ५५ हजार ५ सय १३ मत ल्याउँदा उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका उम्मेदवार डा शेखर कोइरालाले १२ हजार ८ सय ५० मत ल्याउनुभएको थियो।

यसैगरी, राष्ट्रिय स्वतन्त्र पार्टीबाट काभ्रेपलाञ्चोक निर्वाचन क्षेत्र नम्बर २ मा प्रतिनिधिसभा सदस्यको चुनावमा बदनकुमार भण्डारी विजयी हुनुभएको छ। भुम्लु गाउँपालिका–२ मा जन्मिनुभएका बदनले ५३ हजार ३ सय ४४ मतसहित विजयी हुनुभएको हो। उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका उम्मेदवार मधुप्रसाद आचार्यले १७ हजार ८ सय ६८ मत ल्याउनुभएको थियो। भण्डारी ई–कमर्स व्यवसायी तथा मिडियाकर्मी समेत हुनुहुन्छ। ३३ वर्षीय भण्डारीले स्नातक (बिए) उत्तीर्ण गर्नुभएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का तर्फबाट झापा क्षेत्र नम्बर १ बाट निर्वाचित २९ वर्षीय निशा डाँगी पनि कलिलो उमेरमा नै सांसद बन्नुभयो। उहाँ २०७९ को प्रतिनिधिसभा सदस्यमा समानुपातिकबाट सांसद बन्नुभएको थियो। डाँगीले यसपटक प्रत्यक्षतर्फको उम्मेदवार बन्ने अवसर पाउनुभयो। उहाँले ४५ हजार ६ सय ८० मतसहित विजय हासिल गर्नुभयो। डाँगीको निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका उम्मेदवार केशवराज पाण्डेले १० हजार ५ सय ५० मत ल्याउनुभएको थियो।

विसं २०५३ मा झापाको भद्रपुर नगरपालिकामा जन्मिनुभएकी डाँगीले काठमाडौँको जया मल्टिपल क्याम्पसबाट सामाजिक कार्यमा स्नातक र त्रिभुवन विश्वविद्यालयबाट पत्रकारितामा स्नातकोत्तर गर्नुभएको छ।

२६ वर्षीय मनीष खनाल पनि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का तर्फबाट नवलपुर क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको छ। उहाँले ४१ हजार ३ सय ४७ मतसहित विजयी हुनुभएको हो। उहाँको निकटतम प्रतिस्पर्धी एमालेका उम्मेदवार तिलबहादुर महत क्षेत्रीले १५ हजार ७ सय ५५ मत ल्याएर उपविजेता हुनुभएको थियो। मध्यविन्दु नगरपालिका–६ निवासी खनाल विसं २०५६ असार ११ गते जन्मनुभएको हो। उहाँले नेपाल ल क्याम्पसबाट कानुन विषयमा स्नातक अध्ययन गर्नुभएको हो।

अट्ठाइस २८ वर्षीय बब्लु गुप्ता पनि निर्वाचित हुनुभएको छ। उहाँले सिरहा निर्वाचन क्षेत्र नम्बर १ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का तर्फबाट प्रतिनिधिसभा सदस्यमा विजय हासिल गर्नुभएको हो। सामाजिक सेवामा सक्रिय गुप्ताले स्नातकसम्मको अध्ययन पूरा गर्नुभएको छ। उहाँले ४१ हजार ३ सय २२ मतसहित विजय हासिल गर्नुभएको हो। उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका रामसुन्दर चौधरीले नौ हजार ७ सय ७४ मत ल्याउनुभएको थियो।

रास्वपाबाटै ३५ वर्षमुनिका निर्वाचित उम्मेदवारमध्ये अर्को नाम हो सन्तोष राजवंशी। ३४ वर्षीय राजवंशी मोरङ–४ बाट विजयी हुनुभएको हो। सिराहा–२ बाट रास्वपाकै ३० वर्षीया शिवशङ्कर यादव पनि निर्वाचित हुनुभएको छ। रास्वपाबाटै ३३ वर्षीय तपेश्वर यादव पनि सिरहा निर्वाचन क्षेत्र नम्बर ४ बाट निर्वाचित भइसक्नुभएको छ। रास्वपाबाटै महोत्तरी–२ मा ३४ वर्षीय दीपककुमार साह निर्वाचित हुनुभएको छ। महोत्तरी–३ बाट ३३ वर्षीय उज्ज्वलकुमार झा निर्वाचित हुनुभएको छ।

काठमाडौँ–५ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार २९ वर्षीय सस्मित पोखरेल निर्वाचित हुनुभएको छ। २०५२ फागुन १ गते काठमाडौँमा जन्मिनुभएका पोखरेलले कानुनमा स्नातक गर्नुभएको छ। उहाँ रास्वपाका केन्द्रीय सदस्य तथा सहप्रवक्ता हुनुहुन्छ।

काठमाडौँ महानगरपालिका कार्यालयमा सह–विशेषज्ञ भएर काम गर्नुभएका पोखरेलको महानगरका सेवा–प्रवाह, कार्यक्रम÷परियोजना कार्यान्वयन र नतिजा निकाल्ने कार्यान्वयन क्षमता छ। उहाँले काठमाडौँ महानगरपालिकाका नगर प्रमुख बालेन्द्र शाहका सल्लाहकार भएर काम गरिसक्नुभएको छ।

पोखरेलले सांसद कार्यालयमा प्रमुख सहायक भएर काम गरिसक्नुभएको छ। उहाँमा नीति÷अनुसन्धान, जनगुनासा व्यवस्थापन, टोली परिचालन र समन्वयमार्फत काम 'टुङ्ग्याउने' कार्यालय व्यवस्थापन नेतृत्व छ।

मकवानपुर–२ मा राष्ट्रिय स्वतन्त्र पार्टीका २५ वर्षीय प्रशान्त उप्रेतीले चुनाव जित्नुभएको छ। २०५७ सालमा मकवानपुरमा जन्मिएका उप्रेती पेसाले पर्यटन उद्यमी हुनुहुन्छ। उहाँले पर्यटन व्यवस्थापनमा स्नातक गर्नुभएको छ।

निर्वाचित हुने अर्का ३४ वर्षीय उम्मेदवारको अर्को नाम हो सागर ढकाल। रास्वपाकै तर्फबाट गुल्मी–१ बाट उहाँ निर्वाचित हुनुभएको छ। गुल्मीको सत्यवती गाउँपालिका–६, पीपलनेटा स्थायी ठेगना भएको ढकाल पेसाले इन्जिनियर हुनुहुन्छ।

पैँतीस वर्षमुनिको अर्का सांसद हुनुहुन्छ, प्युठान–१ बाट निर्वाचित ३१ वर्षीय सुशान्त वैदिक। काठमाडौँ– १ बाट निर्वाचित र ३५ वर्षमुनिका अर्को चर्चित नाम हो, रञ्जु न्यौपाने (दर्शना)। वैकल्पिक राजनीतिका रूपमा उदाउनुभएकी ३० वर्षीया रञ्जुले स्नातक तहसम्मको अध्ययन गर्नुभएको छ।

रास्वपाकै अर्का निर्वाचित सांसद हुनुहुन्छ, ३४ वर्षीय सोम शर्मा। उहाँ बाग्लुङ–२ बाट निर्वाचित हुनुभएको हो। रास्वपाकै तर्फबाट स्याङ्जा–२ का उम्मेदवार झविलाल डुम्रेले २५ हजार ३ सय ५४ मत ल्याएर विजयी हुनुभएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीबाटै सप्तरी–२ का उम्मेदवार ३० वर्षीय रामजी यादव २८ हजार ४ सय ४ मत ल्याएर विजयी हुनुभएको छ।

कैलाली–२ का रास्वपा उम्मेदवार केपी खनालले १९ हजार ५७ मत ल्याएर विजयी हुनुभएको छ। २६ वर्षीय खनालले १३ वर्षदेखि सामाजिक अभियानमा सक्रिय, 'क्लिन काष्ठमण्डप' र 'काठमाडौँ ट्र्यास कलेक्सन' जस्ता देशव्यापी सरसफाइ अभियानको नेतृत्व समेत गर्नुभएको छ। 'मैना देवी फाउन्डेसन' मार्फत बाजुरामा अनाथालय स्थापना, कोरोनाकालमा २ सय भन्दा बढी गरिब परिवारलाई सहयोग तथा 'भोकै छ हुम्ला' जस्ता मानवीय अभियानको नेतृत्व लिनुभएको थियो।

राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट सिराहा–४ बाट ३३ वर्षीय तपेश्वर यादव निर्वाचित हुनुभएको छ। महोत्तरी–३ बाट ३३ वर्षीय उज्ज्वलकुमार झा निर्वाचित हुनुभएको छ।

यसैगरी, प्यूठान–१ उम्मेदवार ३१ वर्षीय सुशान्त वैदिक निर्वाचित हुनुभएको छ। नेपाली कांग्रेसबाट भने ३२ वर्षीय योगेश गौचन थकाली मुस्ताङ–१ बाट निर्वाचित हुनुभएको छ। यसैगरी, जुम्ला–१ बाट राष्ट्रिय प्रजातन्त्र पार्टीबाट ३४ वर्षीय ज्ञानबहादुर शाही निर्वाचित हुनुभएको छ। श्रम संस्कृति पार्टीबाट २९ वर्षीय आरेन राई खोटाङ–१ बाट निर्वाचित हुनुभएको छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।



*राष्ट्रियसभामा महन्थ ठाकुरः नवनिर्वाचित राष्ट्रियसभा सदस्य महन्थ ठाकुर सोमबार पद तथा गोपनीयताको शपथपश्चात् सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै । तस्बिरः*

# सोमबार राति १२ बजेबाट निर्वाचन आचारसंहिता निष्क्रिय

**काठमाडौँ ।**
निर्वाचन आयोगले राष्ट्रियसभा सदस्य निर्वाचन र प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि गत माघ ४ गते राति १२ बजेदेखि लागू गरेको 'निर्वाचन आचारसंहिता, २०८२' सोमबार रातिदेखि लागू नहुने निर्णय गरेको छ ।
आयोगले सोमबार यस्तो निर्णय गरेको प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए । माघ ११ गते सम्पन्न राष्ट्रियसभा सदस्य निर्वाचन र फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरण कायम गर्नका लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ तथा निर्वाचन आचारसंहिता, २०८२ को दफा १ को उपदफा (२) बमोजिम आचारसंहिताको व्यवस्था गत माघ ४ गते रातिदेखि अर्को सूचना जारी नभएसम्मका लागि लागू गरिएको थियो ।
माघ ४ गतेको आयोगको निर्णयअनुसार त्यसै राति १२ बजेदेखि आचारसंहिता लागू भएको थियो । आचारसंहिता सोमबार रातिदेखि निष्क्रिय हुने आयोगले जारी विज्ञप्तिमा उल्लेख गरिएको छ । रासस


# लुम्बिनीका २६ मध्ये २१ स्थानमा रास्वपा विजयी

**काठमाडौं ।**
लुम्बिनी प्रदेशका १२ जिल्लाका २६ निर्वाचन क्षेत्रमध्ये २१ क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार विजयी भएका छन् । निर्वाचन आयोगका अनुसार नेपाली कांग्रेस र नेकपाले दुई–दुई तथा नेकपा (एमाले) ले एक क्षेत्रमा विजय हासिल गरेका छन् । रुपन्देही जिल्लाका पाँचवटै निर्वाचन क्षेत्रमा रास्वपाका उम्मेदवार निर्वाचित भएका छन् ।
रुपन्देही–१ मा सुनिल लम्साल, रुपन्देही–२ मा सुलभ खरेल, रुपन्देही–३ मा डा लेखजंग थापा, रुपन्देही–४ मा कन्हैया बनियाँ र रुपन्देही–५ मा तौफिक अहमद खान विजयी भएका छन् ।
त्यसैगरी पश्चिम नवलपरासी–१ मा पनि रास्वपाकै विक्रम खनाल तथा पश्चिम नवलपरासी–२ मा नरेन्द्रकुमार गुप्ता निर्वाचित भएका छन् । कपिलवस्तु–१ मा रास्वपाका मोहनलाल आचार्य र कपिलवस्तु–२ मा विक्रमसिंह थापा विजयी भएका छन् भने कपिलवस्तु–३ मा नेपाली कांग्रेसका अभिषेक प्रताप शाहले विजयी भएका छन् ।
दाङ–१ मा रास्वपाकै देवराज पाठक, दाङ–२ मा विपीनकुमार आचार्य र दाङ–३ मा कमल सुवेदी निर्वाचित हुँदा गुल्मी–१ मा रास्वपाकै सागर ढकाल र गुल्मी–२ मा गोविन्द पन्थी विजयी भएका छन् । बर्दिया–१ मा रास्वपाकै उम्मेदवार ठाकुरसिंह थारु तथा बर्दिया–२ मा श्रीधर पोखरेल निर्वाचित भएका छन भने रास्वपाकै तर्फबाट बाँके–१ मा सुरेशकुमार चौधरी र बाँके–३ मा खगेन्द्र सुनार विजयी भएका छन् । बाँके–२ मा नेकपा (एमाले) का मोहम्मद इश्तियाक राईले विजय प्राप्त गर्दा रुकुम पूर्वमा नेकपाका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' तथा रोल्पामा वर्षमान पुन निर्वाचित भएका छन् । प्यूठानमा रास्वपाका सुशान्त बैदिक विजयी प्राप्त भएका छन् । अर्घाखाँचीमा रास्वपाका हरिप्रसाद भुसाल, पाल्पा–१ मा नेपाली कांग्रेसका सन्दीप राना तथा पाल्पा–२ मा रास्वपाका माधवबहादुर थापा निर्वाचित भएका छन् । रासस

# निर्वाचन आयोगलाई नेकपाको आग्रह

**काठमाडौँ ।**
नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले कुनै पनि राजनीतिक दबाबमा नपरी निष्पक्ष ढङ्गले काम गर्न निर्वाचन आयोगलाई आग्रह गरेको छ । संयोजक पुष्पकमल दाहालको सचिवालयले सोमबार विज्ञप्ति जारी गरी धनुषा जिल्ला निर्वाचन क्षेत्र नम्बर १ मा प्रतिनिधिसभा सदस्यका लागि पार्टीका उम्मेदवार मातृकाप्रसाद यादव विजयी भएको मत परिणाम सार्वजनिक भइसक्दा पनि उहाँलाई आयोगले निर्वाचित भएको प्रमाणपत्र हस्तान्तरण नगरेकामा ध्यानाकर्षण गराएको छ । पार्टीले भनेको छ, हाम्रो पार्टी निर्वाचन आयोगजस्तो संवैधानिक निकायलाई विधिको शासन पालना गर्न र कुनै पनि राजनीतिक दबाबमा नपरी निष्पक्ष ढङ्गले काम गर्न आग्रह गर्दछ, साथै न्यायालयले पनि कानुन र विधिसम्मत ढङ्गले सही निर्णय गर्नेछ भन्ने विश्वास व्यक्त गर्दछ । निर्वाचन आयोगको २०८२ फागुन १८ गते सम्पन्न बैठकले निर्वाचन ऐन, २०७४ बमोजिम रास्वपाका उम्मेदवार किशोरी साह कमलको उम्मेदवारी खारेज गरिसकेको अवस्थामा शान्तिपूर्ण रूपमा मतदान सम्पन्न भई मतगणना सकिँदा पनि विजयी उम्मेदवारलाई प्रमाणपत्र प्रदान नगरिनु गम्भीर सरोकारको विषय भएको नेकपाले जनाएको छ ।
निर्वाचन आयोग स्वयंले फागुन २२ गते मतगणना गरी परिणाम घोषणा गर्न दिएको निर्देशनबमोजिम सबै उम्मेदवारका प्रतिनिधिहरूको उपस्तिथिमा मतगणना भई पार्टीका उम्मेदवार यादव विजयी भइसक्दा पनि प्रमाणपत्र दिन आलटाल गर्नाका साथै निर्वाचन प्रक्रिया र स्थापित विधि विपरीतका कार्य हुनु चिन्ताजनक विषय हो, विज्ञप्तिमा भनिएको छ । रासस

# बालेन शाहद्वारा निर्वाचन खर्च सार्वजनिक



**झापा ।**
झापा–५ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित बालेन्द्र शाहले आफ्नो निर्वाचन खर्च विवरण सार्वजनिक गरेका छन । निर्वाचन प्रतिनिधिमार्फत जिल्ला निर्वाचन कार्यालयमा पेस गरिएको विवरणअनुसार शाहले निर्वाचन अभियानका क्रममा कूल रु १४ लाख १४ हजार ७२९ खर्च भएको उल्लेख छ ।
पेस गरिएको विवरणमा विभिन्न शीर्षकमा खर्च गरिएको रकम समेटिएको छ । उनले निर्वाचन प्रचार प्रशासका क्रममा सवारीसाधन भाडामा १५ दिनका लागि दुई वटा सवारी प्रयोग गर्दा रु दुई लाख ३३ हजार ५००, हवाई भाडामा पाँच पटकका लागि रु ३५ हजार तथा मतदाता प्रशिक्षण कार्यक्रमको खाना खर्च शीर्षकमा रु २६ हजार ९७० खर्च भएको उल्लेख छ ।
वडास्तरीय प्रचार कार्यक्रम तथा घरदैलो अभियान सञ्चालन गर्न रु चार लाख ५० हजार खर्च गरिएको विवरणमा उल्लेख गरिएको छ । नमूना मतपत्र छपाइका लागि रु ४४ हजार ५५० खर्च गरिएको उल्लेख छ । .निर्वाचन अभियानका क्रममा कार्यालय सञ्चालनका लागि पानी खर्च शीर्षकमा दुई महिनामा रु ९० हजार र स्टेशनरी खर्च शीर्षकमा रु २९ हजार ६७० खर्च भएको जनाइएको छ ।
त्यसैगरी प्रचार सामग्री छपाइ (कपडा तथा ब्यानर) मा रु एक लाख ७५ हजार ३४, प्रचार सामग्री ढुवानी तथा टिकटमा रु एक लाख १९ हजार ५०५ खर्च भएको उल्लेख छ । उम्मेदवारी दर्ताका लागि रु १० हजार खर्च भएको विवरणमा उल्लेख गरिएको छ । खर्च विवरण शाहका प्रतिनिधि नवीन भण्डारीले हस्ताक्षर गरी सोमबार जिल्ला निर्वाचन कार्यालयमा पेस गरेका हुन । रासस

# 'सुशासन, रोजगारी र उद्यमशील नेपाल रास्वपाको प्राथमिकता': खनाल



**काठमाडौँ ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेता एवम् काठमाडौँ क्षेत्र नं ६ का नवनिर्वाचित सांसद शिशिर खनालले सुशासन, रोजगारी सिर्जना र उद्यमशील नेपाल आफ्नो पार्टीको पहिलो प्राथमिकता भएको बताएका छन् ।
काठमाडौँ क्षेत्र नं ६ अन्तर्गत तारकेश्वर नगरपालिका–९ मा सोमबार आयोजित 'टोलटोलमा सांसद कार्यक्रम'मा बोल्दै उनले सुशासन, रोजगारी आफूहरूको प्राथमिकता भएको बताएका हुन् ।
पूर्वशिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रहेका नेता खनालले स्थानीय तहमा रास्वपाको सरकार नभएकाले स्थानीय तहसँग मिलेर जनताको समस्याको समाधानमा आफू निरन्तर खटिने बताए ।
काठमाडौँ क्षेत्र नं. ६ मा खानेपानीको समस्या रहेकाले यसलाई पूरा गर्ने आफ्नो प्रमुख प्राथमिकता भएको उल्लेख गरे । सार्वजनिक सरोकारका विषयलाई निरन्तर संसद्मा पुऱ्याउने उनको भनाइ छ ।
उनले आगामी पाँच वर्ष देश रूपान्तरण गर्नका लागि जनताले रास्वपालाई ठूलो आशा र भरोसा दिएको भन्दै देश रूपान्तरणको अभियानलाई खेर नफाल्ने स्पष्ट पारे । उनले काठमाडौँ क्षेत्र नं ६ मा देखिएका समस्या समाधानका लागि आफू जनतासँग निरन्तर संवाद र सम्पर्कमा रहने बताए । रासस

# नयाँ सरकारले निराशालाई आशामा बदल्नु पर्छ

**चितवन ।**
प्रतिनिधिसभा निर्वाचन २०८२ को मतपरिणाम अन्तिम चरणमा पुग्दै गर्दा युवा पुस्ता उत्साहित बनेका छन् । उनीहरुले अब बन्ने स्थिर सरकारले रोजगारी सिर्जना र सुशासन दिनेमा ढुक्क छन् । जेनजी आन्दोलनपछि भएको आम निर्वाचनले दिएको परिणामलाई युवाहरुले सकारात्मक रुपमा लिएका छन् । भरतपुर महानगरपालिका–१० निवासी पृथ्वी धिताल अहिलेको परिवर्तन देशका लागि भएको बताउँछन् । युवा पुस्ताका लागि रोजगारी र सुशासन नै महत्त्वपूर्ण रहेको उनले बताए ।
उनले भने,अहिले भएको निर्वाचनको परिणामले युवा पुस्तालाई सम्बोधन गर्छ । यदि त्यसो हुन नसके फेरि अर्को विद्रोह नहोला भनेर भन्न नसकिने उहाँको भनाइ छ । उनले भने, जेनजी आन्दोलन पछिको निर्वाचनले देशवासीलाई विश्वस्त बनाउनुपर्ने छ । अहिले देशमा सुशासन कायम गर्दैं भ्रष्टाचार नियन्त्रण र युवालाई रोजगारीको वातारवरण सिर्जना गर्न अवश्यक रहेको उनले बताए । प्युठानबाट उपचारका लागि बिरामी लिएर चितवन आएका प्रेम श्रेष्ठ अब बन्ने सरकारले परिवर्तन गर्न आवश्यक रहेको बताउँछन् । उनका अनुसार शिक्षा, स्वास्थ्य र रोजगारीका क्षेत्रमा काम गर्न सकेन भने अहिलेको परिवर्तनसमेत खेरा जाने चिन्ता उनमा छ । जेनजी आन्दोलन पछि बन्न लागेको सरकारमा जनताको अपेक्षा पूरा गर्न सक्ने क्षमता हुन आवश्यक रहेको उनले बताए । भरतपुर महानगरपालिका–२ क्षेत्रपुर निवासी प्रवास पराजुली अब सुशासनको प्रत्याभूति हुन आवश्यक रहेको बताउँछन् । 'अब बन्ने सरकारले भ्रष्ट्राचार नियन्त्रण र सु◌ुशासनको पक्षमा कसरी काम गर्छ भन्ने हेर्ने समय आएको छ', उनले भने, 'वैदेशिक रोजगारीमा रहेका युवालाई स्वदेश फर्काउने र नेपालका उद्योग कल कारखाना सञ्चालन गरेर रोजगारी सिर्जना गर्दै देशको आर्थिक संवृद्धिमा लाग्न आवश्यक छ ।'
भरतपुर महानगरपालिका–१४ निवासी रचना दाहाल अहिलेको परिवर्तनलाई कमजोर सोच्न नहुने बताउँछिन् । उनले भनिन्, 'यो परिवर्तनलाई कमजोर सोच्ने हो भने फेरि अर्को विद्रोह हुनसक्छ । यो परिवर्तनलाई आत्मसाथ गर्दै देश र जनताको पक्षमा काम गर्न अब बन्ने सरकार लाग्नुपर्छ ।' जनताले परिवर्तनको पक्षमा देखाएको मत खेर जान दिने छूट कसैमा नभएको भन्दै उनले भ्रष्ट्राचार नियन्त्रण, स्वास्थ्य, शिक्षा र रोजगारीलाई मूल मर्म मान्न आग्रह गरिन् ।
युवाहरुले अब बन्ने सरकारले पाएको मत अनुसार देशलाई अगाडि बढाउनेमा ढुक्क छन् । अन्य दलहरुले सरकारलाई निगरानीमा राखेर काम गर्न दिनुपर्नेमा उनीहरुको जोड छ । शिक्षा र रोजगारीका लागि युवा शक्ति विदेश जानबाट रोकेर यही पढ्ने र काम गर्ने वातावरण सरकारले सिर्जना गर्नुपर्नेमा धेरैको जोड छ । सरोकारवाला नियकायसँग छलफल गरी जनताको निराशालाई आशामा बदल्न उनीहरुले सुझाएका छन् । रासस

# सरकारी सेवासुविधा सामाजिक सेवामा प्रयोग गर्ने घोषणा

**ललितपुर ।**
अन्तरराष्ट्रिय महिला दिवसका अवसरमा महाङ्काल गाउँपालिकाकी उपाध्यक्ष डोल्मामाया गोलेले आफूले राज्यबाट पाउने तलब–भत्ता नलिने र सरकारी सवारीसाधन सामाजिक सेवामा प्रयोग गर्ने घोषणा गरेकी छन् ।
उपाध्यक्ष गोलेले महिला दिवसका अवसरमा सार्वजनिक सन्देश जारी गर्दै अबदेखि आफूले राज्यबाट पाउने मासिक तलब–भत्ता नलिने निर्णय गरेको बताइन् ।
उनका अनुसार उक्त रकम ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, महिला, किसान, शिक्षक, युवा तथा स्वास्थ्य स्वयंसेविकालगायत समुदायका आवश्यक क्षेत्रमा सहयोगका रूपमा खर्च गरिने छ ।
त्यसैगरी, आफूले प्रयोग गर्दै आएको सरकारी सवारीसाधनलाई पनि सामाजिक सेवामा प्रयोग गर्ने घोषणा गरेकी छन् । परिवारमा सहारा नभएका



ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका अति विपन्न नागरिकलाई पालिका तथा वडा कार्यालयमा सेवा लिन आउन–जान सहज बनाउने उद्देश्यले सवारी उपलब्ध गराइने उनले जानकारी दिइन् ।
उनले भने, विशेषगरी मासिक वृद्धभत्ता लिन पालिका केन्द्रस्थित बैङ्कसम्म पुग्न कठिनाइ भोगिरहेका नागरिकलाई मैले प्रयोग गर्दै आएको सरकारी सवारीसाधन प्रयोग गर्दा थप सहज हुनेछ । यस्ता कुनै समस्या परेमा खुलेर भन्नुस् तपाईंको आपत्–विपत्, दुःख–पीडामा मसँगै रहनेछु । महाङ्काल गाउँपालिका महिला तथा बालबालिका शाखाले सम्बन्धित वडाअध्यक्ष, जनप्रतिनिधि एवं सचिव र स्वास्थ्य स्वयंसेविकाहरूसँग समन्वय गरेर यो सेवा लिनसक्ने पनि उनले जानकारी दिइन् । उनका अनुसार यो सेवा गाउँपालिकाभित्रका नागरिकले मात्र उपयोग गर्न पाउने व्यवस्था गरिने छ । गोलेले नागरिकलाई सम्बोधन गर्दै आपत्–विपत् र दुःखमा सधैँ साथ रहने प्रतिबद्धता व्यक्त गर्दै आफ्नो निर्णय जनसेवा र सामाजिक उत्तरदायित्वप्रतिको प्रतिबद्धताका रूपमा रहेको बताइन् । रासस

# नीति, नेतृत्व र कार्यशैली फेरौँ : पौडेल



काठमाडौं ।
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपाध्यक्ष एवं पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेलले नेकपा (एमाले) को नीति, नेतृत्व, सङ्गठन र कार्यशैलीलाई जनअपेक्षा अनुरुप पुनःगठन गर्न अपिल गरेका छन् । रुपन्देही क्षेत्र नं. २ मा नेकपा (एमाले) का तर्फबाट उम्मेदवार भएर पराजितसमेत भएका पौडेलले सोमबार विज्ञप्तिमार्पत विगतमा पार्टीका तर्फबाट भएका गल्ती कमजोरीहरूको गम्भीर समीक्षा गर्न तथा जनअपेक्षाअनुसार आफैँलाई रुपान्तरण गर्न आग्रह गरेका छन् ।
उनले लोकतन्त्रको सुन्दरता नै जनताको अभिमत हो र म रुपन्देही क्षेत्र नं २ का मतदाताहरूको फैसलालाई सविनय र सहर्ष स्वीकार गर्दछु भने । उनले यस निर्वाचनमा विजयी भएका राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवारलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना दिँदै यस क्षेत्रका जनताका अपेक्षा अनुरुप उत्कृष्ट कार्य गर्ने तथा रुपन्देहीको विकास र समृद्धिको यात्रालाई अझै उचाइबाट अगाडि बढाउने आशासमेत गरे । यस निर्वाचनमा मलाई विश्वास गरेर मतदान गर्नुहुने र आआफ्नो विश्वासका आधारमा घण्टी, रूख, तारा वा अन्य चुनाव चिह्नमा मतदान गर्नुहुने मतदाता महानुभावहरूप्रति हार्दिक सम्मान व्यत्तल गर्दछु, उनले भने । रासस

# जापानले लामो दूरीको मिसाइल तैनाथ गर्दै

**टोकियो ।**
क्षेत्रीय सुरक्षा चुनौती तीव्र बन्दै गइरहेका बेला जापानले आफ्नो पहिलो स्वदेशी विकसित लामो दूरीको मिसाइल प्रणाली तैनाथ गर्ने तयारी अघि बढाएको छ । सेनाका लन्चरहरू सोमबार राति जापानको दक्षिणपश्चिमी प्रान्त कुमामोटोस्थित क्याम्प केङ्गुनमा ल्याइएपछि अपग्रेड गरिएको टाइप–१२ ल्यान्ड–टु–शिप मिसाइल तैनाथ गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको बताइएको छ । जापानले बढ्दो क्षेत्रीय तनाव र सुरक्षा जोखिमलाई ध्यानमा राख्दै आफ्नो प्रतिरक्षा क्षमता थप सुदृढ बनाउने रणनीतिअनुसार यो कदम चालेको हो ।

मुख्य क्याबिनेट सचिव मिनोरु किहाराले अपग्रेड गरिएको टाइप–१२ मिसाइलहरू मार्चको अन्त्यसम्म क्याम्प केङ्गुनमा तैनाथ गरिने जानकारी दिनुभयो । यद्यपि तैनाथीसम्बन्धी विस्तृत विवरण भने सार्वजनिक गरिएको छैन । मिसाइलका लन्चर तथा अन्य सैन्य उपकरण बोकेका गाडीहरू अत्यन्त गोप्य रूपमा मध्यरातमा शिविरमा पुगेका थिए । स्थानीय बासिन्दामध्ये केहीले यस कदमको विरोध जनाउँदै शिविर बाहिर भेला भई ‘लामो दूरीका क्षेप्यास्त्र तैनाथी रोक्नुपर्छ’ भन्ने नारासहित ब्यानर प्रदर्शन गरेका थिए ।

यस कदमप्रति विपक्षी दल तथा स्थानीय प्रशासनले पारदर्शिताको अभाव भएको भन्दै असन्तुष्टि व्यक्त गरेका छन् । उनीहरूले यस्तो तैनाथीले क्षेत्रीय तनाव थप बढाउन सक्ने र स्थानीय क्षेत्र सम्भावित सैन्य आक्रमणको लक्ष्य बन्न सक्ने चिन्ता व्यक्त गरेका छन् । कुमामोटोका गभर्नर ताकाशी किमुराले प्रान्तीय प्रशासनलाई औपचारिक रूपमा जानकारी नदिइएको गुनासो गर्दै पत्रकारहरूसँग भने, ‘प्रान्तलाई यसबारे कहिल्यै औपचारिक जानकारी दिइएको थिएन । मिडिया रिपोर्टबाट मात्र थाहा पाउनु अत्यन्त निराशाजनक हो ।’

जापानले दक्षिणपश्चिमी क्षेत्रमा सैन्य संरचना विस्तार गर्ने योजनाअन्तर्गत यो मिसाइल तैनाथीलाई तीव्रता दिएको हो । ताइवान वरपरको बदलिँदो क्षेत्रीय परिवेशलाई ध्यानमा राख्दै जापानले आफ्नो सुरक्षा तयारीलाई क्रमशः सुदृढ बनाउने पहल गरेको हो । सोही क्रममा रक्षा मन्त्रालयले गत वर्ष मिसाइल तैनाथीको समयतालिकालाई करिब एक वर्ष अगाडि सार्ने व्यवस्था गरेको थियो ।

मित्सुबिशी हेभी इन्डस्ट्रिजले विकास तथा उत्पादन गरेको अपग्रेड गरिएको टाइप–१२ मिसाइलको मारक क्षमता करिब एक हजार किलोमिटर ९६२० माइल० रहेको छ । यो दायरा पहिलेको करिब २०० किलोमिटर ९१२५ माइल० क्षमताबाट निकै विस्तार गरिएको हो । यसले जापानको मुख्य भूमिबाट चीनको भूभागसम्म पुग्न सक्ने क्षमता राख्ने बताइएको छ । यही मिसाइल प्रणाली यस वर्षको अन्त्यतिर टोकियोको पश्चिममा रहेको सिजुओका प्रान्तस्थित क्याम्प फुजीमा पनि तैनाथ गरिने योजना रहेको छ ।

पछिल्ला वर्षहरूमा क्षेत्रीय सुरक्षा अवस्थालाई ध्यानमा राख्दै जापानले आफ्नो सुरक्षा तयारीलाई क्रमशः सुदृढ बनाउँदै आएको छ । सोही क्रममा पूर्वी चीन सागर नजिकका दक्षिणपश्चिमी टापुहरूमा सुरक्षा पूर्वाधार विस्तार गरिएको छ । ओकिनावा, इशिगाकी र मियाको लगायतका टापुहरूमा पीएसी–३ अवरोधक प्रणाली तथा मध्यम दूरीका सतह–देखि–हावा मिसाइल प्रणालीहरू पनि क्रमशः तैनाथ गरिएका छन् । गत महिना जापानका रक्षामन्त्री सिन्जिरो कोइजुमीले सन् २०३१ मार्चसम्म ताइवानको पूर्वतर्फ रहेको जापानको पश्चिमी टापु योनागुनीमा मध्यम दूरीको सतह–देखि–हावा मिसाइल प्रणाली तैनाथ गरिने योजना सार्वजनिक गर्नुभएको थियो ।

प्रधानमन्त्री ताकाइचीले यस वर्षको अन्त्यसम्म जापानको सुरक्षा तथा रक्षा नीति पुनरावलोकन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । उहाँको सरकारले जापानी सेनालाई मानव रहित लडाकू प्रणाली तथा लामो दूरीका मिसाइलमार्फत अझ सुदृढ बनाउने लक्ष्य लिएको छ । यसैबीच सरकार आगामी हप्ताहरूमा घातक हतियार निर्यातसम्बन्धी कडा प्रतिबन्धहरू खुकुलो बनाउने तयारीमा रहेको बताइएको छ । प्रधानमन्त्री ताकाइचीको दल र सत्तारूढ गठबन्धनका साझेदारहरूले हालै प्रस्तुत गरेको प्रस्तावअनुसार जापानको रक्षा उद्योगलाई विस्तार गर्ने तथा मित्र राष्ट्रहरूसँग सैन्य सहकार्य बढाउने नीति अघि सारिएको छ ।रासस

# पर्यटकीय गन्तव्य बन्दै लमजुङको ‘घनपोखरा होमस्टे’



**लमजुङ ।**
लमजुङको मस्र्याङ्दी गाउँपालिका–१ स्थित नायुँ र घनपोखरा होमस्टे पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको छ । विसं २०७२ को भूकम्पबाट क्षति पुगेको घनपोखराको गुरुङबस्ती पुनर्निर्माण गरेर विसं २०७६ साल (घरबास) होमस्टे सञ्चालन भएसँगै नायुँ र घनपोखरा घुम्न आउने पर्यटकको घुइँचो लाग्न थालेको हो ।

सार्क राष्ट्रकै नमूना गाउँका रुपमा परिचित घलेगाउँबाट जम्मा दुई किलोमिटर दूरीमा रहेको नायुँ र त्यसभन्दा केही माथि रहेको घनपोखरा पछिल्लो समय आन्तरिक र बाह्य पर्यटकको घुमघाम गर्ने रोजाइको गन्तव्य बनेको हो । यहाँबाट मनास्लु, ङादीचुली, अन्नपूर्ण, अन्नपूर्ण (चौथो)लगायतका एक दर्जन बढी हिमश्रृङ्खला अवलोकन गर्न सकिन्छ । लमजुङ मध्यनेपाल नगरपालिका–१ जिताबाट घनपोखरा घुम्न आएका सुमन घिमिरे घनपोखराको आतिथ्यता र त्यहाँबाट देखिने दृश्यावलोकनले आफूलाई ज्याँदै आनन्दित तुल्याएको बताउँछन् । यहाँको हावापानी र सुन्दर, मनोरम दृश्यले पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटक बढ्न थालेका छन् ।

नायुँ र घनपोखरा घुम्न आउने पर्यटकलाई घरबास सञ्चालकले गाउँघरमै उब्जाइएका धान, मकै, कोदो, भटमास, साग, सिस्नो, कुरिलो, टुसा, स्थानीय कुखुरा, खसीबोका, भेडाको मासुबाट तयार हुने स्वादिष्ट परिकार पस्कने गरेका छन् । आफ्ना कला संस्कृति जोगाइराख्न रोधीसमेत बस्ने गरेका छन् । गाउँमा आएका पर्यटकलाई स्वागत, सम्मान र बिदाइमा सेतो टीका, फूलको माला, गुच्छा र खादाबाट सम्मान गरिँदै आएको छ । यहाँबाट देखिने सूर्योदय र सूर्यास्तको दृश्यसँगै देखिने हिमाल, मस्र्याङ्दी नदी किनाराका फाँट, मिदिम नदीका किनाराले पर्यटकलाई थप आनन्दित बनाउँदै आएको छ ।

समुद्री सतहदेखि दुई हजार १५० उचाइमा रहेको रमणीय घनपोखरामा गुरुङ समुदायको ६५ घर रहेका छन् । जसमध्ये ११ घरमा होमस्टे सञ्चालन गरिएको छ । यो गाउँमा प्राचीन मौलिकता जोगाउने गरी परम्परागत घुमाउने घरसँगै स्थानीयको कला, संस्कृतिलाई जगेर्ना गर्ने उद्देश्यका साथ गुरुङ सङ्ग्रहालयसमेत स्थापना गरिएको छ । नायँु र घनपोखरामा मात्र एक रातमा १०० जना पाहुना सजिलै बस्न सक्छन् । नायुँ घनपोखरा होमस्टेका सञ्चालक कालीमाया गुरुङ शुक्रबार र शनिबार आफ्नो होमस्टे आउने पर्यटकको संख्या बढी हुने बताउँछन् । ‘यहाँ मासिक ४०० देखि ५०० पाहुनाहरु आउनुहुन्छ, शुक्रबार र शनिबार भने धेरै हुने गर्छ’, उनले भने ।

होमस्टेमा आएका पाहुनालाई जानेबित्तिकै ‘वेलकम ड्रिङ्क्स’, चिया, कफीले स्वागत गर्ने चलन रहेको छ । राती स्थानीयस्तरमा उत्पादित अग्र्यानिक खाना र बिहानको खाजा उपलब्ध गराउँदै आइएको सञ्चालक गुरुङ बताउँछन् । यहाँ जानविक्तिकैको खाजा, रातिको खाना, विहानको खाजा र सुतेको प्रतिव्यक्ति जम्मा रु एक हजार २५० शुल्क लाग्ने गरेको छ ।

मस्र्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङ नायुँ र घनपोखराको पर्यटनलाई थप विकास गर्नका लागि गाउँपालिकाले योजना बनाएर काम गरिरहेको बताउँछन् । ‘होमस्टेलाई थप व्यवस्थित बनाउनका लागि स्थानीय तहमा उत्पादित खानालाई प्रोत्साहन गरेका छौँ’, उनले भने । त्यसैगरी घनपोखरा र नायुँको होमस्टेलाई थप व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि होमस्टे सञ्चालकलाई कुकिङ तालिम, होमस्टे सञ्चालन तालिम, विभिन्न बैठक तथा गोष्ठी सञ्चालन गरिरहेको अध्यक्ष गुरुङ बताउँछन् ।

घनपोखरा र नायुँमा चैत–वैशाखमा फुल्ने विभिन्न थरीका लालीगुराँस, फुल्ने काफल र ऐँसेलुले पर्यटकलाई थप लोभ्याउने गरेको छ । ग्रामीण जीवनशैलीलाई घनपोखराले जीवन्त राखेको छ । घनपोखरा लमजुङको सदरमुकाम बेँसीसहरबाट २७ किलोमिटर पार गरेपछि पुगिन्छ । यहाँ जानका लागि ठूलो बसमा रु ३५० र जिपमा रु ४५० भाडा लाग्ने गरेको छ । पछिल्लो समय लमजुङ सदरमुकाम बेँसीसहर, काठमाडौँ र पोखराबाट घनपोखरा र नायुँ जाने पाहुनाहरु बढेका छन् ।रासस

# भारतलाई तेस्रोपटक टी–२० विश्वकपको उपाधि

**अहमदाबाद ।**
अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा खेलिएको आईसीसी टी–२० विश्वकपको फाइनलमा भारतले न्यूजिल्यान्डलाई हराउँदै च्याम्पियन बनेको छ । यससँगै भारत टी–२० विश्वकप तीन पटक जित्ने पहिलो देश बनेको छ । भारतले सन् २००७, २०२४ र अब २०२६ मा टी–२० विश्वकप जितेको हो ।

भारतले न्यूजिल्यान्डलाई जितका लागि २ सय ५६ रनको लक्ष्य दिएको थियो । तर न्यूजिल्यान्ड १९ ओभरमा १ सय ५९ रनमै अलआउट भयो । यसरी भारतले न्यूजिल्यान्डलाई ९६ रनले हराउँदै लगातार दोस्रो पटक टी–२० विश्वकप जित्ने टोली पनि बन्यो ।

फाइनलमा भारतका ब्याट्सम्यान र बलर दुवैले उत्कृष्ट प्रदर्शन गरे । जसप्रीत बुमराहले चार ओभरमा मात्र १५ रन दिँदै चार विकेट लिए । त्यस्तै अक्षर पटेलले तीन ओभरमा २७ रन दिँदै तीन विकेट लिएर भारतको जितमा महत्वपूर्ण भूमिका खेले । त्यसअघि सञ्जु सामसन, इशान किशन र अभिषेक शर्माको आक्रामक ब्याटिङका कारण भारतले २० ओभरमा २ सय ५५ रनको ठूलो स्कोर बनाएको थियो ।

जसप्रीत बुमराहलाई उत्कृष्ट प्रदर्शनका लागि ‘प्लेयर अफ द म्याच’ घोषित गरियो । लगातार तीन अर्धशतक बनाएका सञ्जु सामसन ‘प्लेयर अफ द टूर्नामेन्ट’ बने । २ सय ५६ रनको लक्ष्य पछ्याउन मैदान उत्रिएका न्यूजिल्यान्डका ओपनर टिम सिफर्ट र फिन एलेन सुरुदेखि नै दबाबमा देखिए । पहिलो ओभरमा अर्शदीप सिंहविरुद्ध न्यूजिल्यान्डले केवल ४ रन मात्र बनायो ।

दोस्रो ओभरमा भने हार्दिक पाण्ड्याको बलिङमा टिम सिफर्टले २१ रन बनाए । तर तेस्रो ओभरको चौथो बलमा अक्षर पटेलले फिन एलेनलाई आउट गर्दै भारतलाई पहिलो सफलता दिलाए । चौथो ओभरको पहिलो बलमा जसप्रीत बुमराहले रचिन रविन्द्रलाई आउट गरे। पावरप्लेमा न्यूजिल्यान्डले ५२ रन बनाउँदा ३ विकेट गुमायो ।

टिम सिफर्टले २३ बलमा अर्धशतक बनाए पनि नवौँ ओभरमा वरुण चक्रवर्तीले उनलाई आउट गरे । त्यसबेला न्यूजिल्यान्ड ७२ रनमै ५ विकेट गुमाइसकेको थियो । पछि कप्तान मिचेल स्यान्टनर र ड्यारिल मिचेलले साझेदारी गर्दै इनिङ्स अघि बढाए । तर १३औँ ओभरमा अक्षर पटेलले ड्यारिल मिचेललाई आउट गर्दै यो साझेदारी तोडे ।

१६औँ ओभरमा जसप्रीत बुमराहले लगातार दुई बलमा जिमी निसम र म्याट हेनरीलाई आउट गरे । त्यसपछि १८औँ ओभरमा उनले मिचेल स्यान्टनरलाई बोल्ड गरे । अन्ततः १९औँ ओभरको अन्तिम बलमा अभिषेक शर्माले जेकब डफीलाई बोल्ड गर्दै न्यूजिल्यान्डलाई १ सय ५९ रनमै समेटे । यो इनिङ्समा न्यूजिल्यान्डका फिन एलेन (९ रन), रचिन रविन्द्र (१ रन) र ग्लेन फिलिप्स (५ रन) जोड्दै चाँडै आउट भए । सुरुआती विकेट छिट्टै गुमाए पनि ओपनर टिम सिफर्टले एक छेउ सम्हालेर खेले। उनले २६ बलमा ५२ रनको अर्धशतकीय पारी खेले ।

उनका अलावा कप्तान मिचेल स्यान्टनरले ४३ रन बनाए । तर पनि उनीहरूले टोलीको हार टार्न सकेनन् । अन्ततः न्यूजिल्यान्ड १९ ओभरमा १ सय ५९ रनमै अलआउट भयो । भारतका लागि ओपनिङ सञ्जु सामसन र अभिषेक शर्माले गरे । चार ओभरमै भारतले बिना विकेट गुमाएर ५० रन पार गर्‍यो । अभिषेक शर्माले १८ बलमा अर्धशतक बनाए । पावरप्लेमा भारतले ९२ रन बनायो, जुन टी–२० विश्वकप इतिहासकै सबैभन्दा ठूलो पावरप्ले स्कोर हो । पछि रचिन रविन्द्रले अभिषेकलाई आउट गरे । उनले २१ बलमा ५२ रन बनाए । त्यसपछि इशान किशन र सञ्जु स्यामसनले रनको गति कायम राखे । सञ्जुले ३३ बलमा अर्धशतक पूरा गरे र लगातार तेस्रो फिफ्टी बनाए । १४औँ ओभरमा उनले रचिन रविन्द्रविरुद्ध लगातार तीन छक्का प्रहार गरे । इशान किशनले २३ बलमा अर्धशतक पूरा गरे । दोस्रो विकेटका लागि ४५ बलमा १०० रनको साझेदारी भयो । १५ ओभरमै भारतको स्कोर २०० रन पार गरिसकेको थियो । १६औँ ओभरमा जिमी निसमले तीन विकेट लिएर न्यूजिल्यान्डलाई खेलमा फर्काउने प्रयास गरे । उनले सञ्जु सामसन (८९), इशान किशन (५४) र कप्तान सूर्यकुमार यादवलाई आउट गरे। हार्दिक पाण्ड्या पनि १३ बलमा १८ रन बनाएर आउट भए । तर अन्तिम ओभरमा शिवम दुबेले जिमी निसमविरुद्ध २४ रन बनाए र भारतको स्कोर २ सय ५५ रन पुर्‍याए ।

उनी ८ बलमा २६ रन बनाएर नटआउट रहे । भारतीय टोलीले पछिल्ला २० महिनामा तेस्रो आईसीसी उपाधि जितेको हो । जुन २०२४ मा भारत टी–२० विश्वकप च्याम्पियन बन्यो, मार्च २०२५ मा आईसीसी च्याम्पियन्स ट्रफी जित्यो र अब २०२६ मा फेरि टी–२० विश्वकप पनि आफ्नो नाममा गर्‍यो ।

# मध्यपूर्व युद्धको तीव्र विस्तार

**पेरिस ।**
इजरायल र इरानबीच जारी युद्ध झन् व्यापक बन्दै जाँदा सोमबार मध्यपूर्वका विभिन्न देशहरूमा आक्रमण, प्रतिआक्रमण, कूटनीतिक पहल र आर्थिक प्रभाव एकसाथ देखिएका छन् । नयाँ सर्वोच्च नेताको चयनपछि इरानले इजरायलतर्फ क्षेप्यास्त्र प्रहार गरेको छ भने इजरायलले पनि इरान तथा लेबनानमा नयाँ सैन्य कारबाही अघि बढाएको जनाएको छ । युद्धको प्रभाव खाडी क्षेत्रदेखि एसियाली बजारसम्म फैलिँदै गएको छ ।



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्ध कहिले अन्त्य गर्ने भन्ने विषय इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुसँगको ‘आपसी’ समझदारीबाट तय हुने बताएका छन् । समाचार वेबसाइट टाइम्स अफ इजरायलसँग कुरा गर्दै ट्रम्पले अन्तिम निर्णय भने वासिङ्टनले गर्ने स्पष्ट पारे । युद्ध अन्त्यको समयबारे सोध्दा उनले आफूले ‘उचित समयमा निर्णय गर्ने’ बताउँदै त्यसअघि सबै पक्षलाई ध्यानमा राखिने उल्लेख गरे । अमेरिकी र इजरायली अधिकारीहरूले आक्रमणको मुख्य उद्देश्य इरानलाई आणविक हतियार विकास गर्नबाट रोक्नु भएको र यसले इरानमा शासन परिवर्तनको सम्भावना समेत सिर्जना गर्न सक्ने आशा व्यक्त गरेका छन् ।

यसैबीच, हालैको आक्रमणमा मृत्यु भएका इरानका पूर्व सर्वोच्च नेता अली खामेनीका छोरा ५६ वर्षीय मोजताबा खामेनीलाई देशको विशेषज्ञ सभाले नयाँ सर्वोच्च नेताका रूपमा चयन गरेको छ । इरानको रिभोलुसनरी गार्ड्सले तत्काल नयाँ नेताप्रति वफादारी व्यक्त गरेको जनाएको छ । न्यायपालिकाका प्रमुख घोलामहोसेन मोहसेनी एजेईले उक्त निर्णयलाई ‘आनन्द र आशाको स्रोत’ बताएभने वरिष्ठ सुरक्षा अधिकारी अली लारिजानीले यसलाई पूर्ण रूपमा कानूनी प्रक्रिया अनुसार भएको बताए । यमनका हुथी विद्रोहीहरूले पनि खामेनीको नियुक्तिलाई स्वागत गर्दै यसलाई इस्लामिक गणतन्त्रका विरोधीहरूका लागि ठूलो झट्का भनेका छन् । यद्यपि इजरायली सेनाले यसअघि ‘कुनै पनि उत्तराधिकारी’ लाई लक्षित गर्न सक्ने चेतावनी दिएको थियो भने ट्रम्पले एबिसी न्युजसँग कुरा गर्दै अर्को नेताले अमेरिकाबाट स्वीकृति नपाए लामो समय टिक्न नसक्ने टिप्पणी गरे ।

नयाँ सर्वोच्च नेताको घोषणा लगत्तै इरानले सोमबार इजरायलतर्फ पहिलो क्षेप्यास्त्र प्रहार गरेको सरकारी प्रसारण संस्था आइआरआइबीले जनाएको छ । उक्त आक्रमणमा इजरायलमा एक महिला घाइते भएको चिकित्सकहरूले बताएका छन् । त्यसको जवाफमा इजरायली सेनाले मध्य इरानका ‘शासनसम्बन्धी पूर्वाधार’ लक्षित गर्दै नयाँ आक्रमण सुरु गरेको जानकारी दिएको छ ।

युद्धको प्रभाव खाडी क्षेत्रमा पनि फैलिएको छ । बहराइनको स्वास्थ्य मन्त्रालयका अनुसार सित्रा टापुमा रातभर भएको इरानी ड्रोन आक्रमणमा ३२ जना सर्वसाधारण घाइते भएका छन् । घाइतेमध्ये बच्चासहित चार जनाको अवस्था गम्भीर रहेको मन्त्रालयले जनाएको छ । यसै क्रममा कतार, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स र कुवेतले पनि नयाँ आक्रमणको विवरण सार्वजनिक गरेका छन् । कतारको राजधानी दोहामा विस्फोटका आवाज सुनिएको एएफपीका पत्रकारहरूले बताएका छन् । कतारको रक्षा मन्त्रालयले आफ्नो वायु प्रतिरक्षा प्रणालीले क्षेप्यास्त्र आक्रमण रोकेको जनाएको छ । साउदी अरबका नागरिक सुरक्षा अधिकारीहरूका अनुसार आइतबार भएको एक प्रक्षेपणमा दुई जनाको मृत्यु भएको र १२ जना घाइते भएका छन् ।

लेबनानमा पनि तनाव चर्किएको छ । इरान समर्थित लडाकू समूह हिजबुल्लाहले सिरियाबाट हेलिकप्टरमार्फत आएका इजरायली सेनासँग पूर्वी लेबनानमा झडप भइरहेको जनाएको छ । हेजबुल्लाहका दुई स्रोतले एएफपीसँग कुरा गर्दै उक्त क्षेत्रमा इजरायली हेलिकप्टर समूह खसालिएको दाबी गरेका छन्, यद्यपि इजरायली सेनाले यसबारे कुनै प्रतिक्रिया दिएको छैन । यसैबीच इजरायली सेनाले सोमबार बिहान लेबनानको राजधानी बेरुतमा हिजबुल्लाहको पूर्वाधारलाई लक्षित गरी आक्रमण गरेको जनाएको छ ।

सुरक्षा जोखिम बढेपछि अमेरिकी विदेश मन्त्रालयले गैर–आपतकालीन अमेरिकी सरकारी कर्मचारी तथा उनीहरूका परिवारलाई साउदी अरेबिया छोड्न आदेश दिएको छ । युद्धको असर विश्व अर्थतन्त्रमा पनि देखिएको छ । आपूर्ति अवरुद्ध हुने डरका कारण कच्चा तेलको अन्तर्राष्ट्रिय मूल्य डब्लुटिआई र ब्रेन्ट दुवै प्रतिब्यारेल १०० डलरभन्दा माथि पुगेका छन् । युद्ध सुरु भएयता डब्लुटिआई करिब ७५ प्रतिशत र ब्रेन्ट ६० प्रतिशतभन्दा बढी बढेको छ । तेलको मूल्य वृद्धि भएपछि दक्षिण कोरिया र जापानका शेयर बजारमा सोमबार प्रारम्भिक कारोबारमै तीव्र गिरावट आएको छ । ट्रम्पले भने सामाजिक सञ्जालमा प्रतिक्रिया दिँदै तेलको मूल्य वृद्धि इरानको आणविक खतरा हटाउन ‘तिर्नुपर्ने सानो मूल्य’ भएको टिप्पणी गरे ।

अमेरिकी सेनाले युद्ध सुरु भएदेखि सातौँ सैनिकको मृत्यु भएको पनि जनाएको छ । प्रारम्भिक इरानी जवाबी आक्रमणका क्रममा साउदी अरेबियामा भएको हमलामा एक सैनिक मारिएको हो भने कुवेतस्थित आधारमा भएको ड्रोन आक्रमणमा अन्य छ जनाको मृत्यु भएको सेनाले जनाएको छ । कूटनीतिक स्तरमा भने फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले इरानका राष्ट्रपति मसुद पेजेस्कियानसँग टेलिफोन वार्ता गरेका छन् । म्याक्रोनले क्षेत्रका अन्य देशहरूमा आक्रमण रोक्न आग्रह गरेको बताइएको छ । युद्ध सुरु भएयता पेजेस्कियानसँग कुनै पश्चिमी नेताले गरेको यो पहिलो सार्वजनिक सम्पर्क हो ।

यसबीच मानवअधिकार संस्था ह्युमन राइट्स वाचले गत साता दक्षिणी लेबनानको योहमोर सहरका आवासीय क्षेत्रमा इजरायलमाथि सेतो फस्फोरस गैरकानूनी रूपमा प्रयोग गरेको आरोप लगाएको छ । अक्सिजनसँग सम्पर्कमा आउँदा तुरुन्त प्रज्वलित हुने यो पदार्थ आगो लगाउने हतियारका रूपमा प्रयोग हुन सक्छ र यसले गम्भीर जलन, श्वासप्रश्वासमा क्षति, अङ्ग विफलता र मृत्यु समेत निम्त्याउन सक्ने बताइएको छ । रासस

# ‘म्यागासेसे’को संसद् यात्रा...

म्याग्दी ।
सामाजिक अभियन्ताको पहिचान बनाएका महावीर पुनले म्याग्दीबाट प्रतिनिधिसभाको यात्रा तय गरेका छन् । हाल चितवनमा बस्दै आएका ७१ वर्षीय पुनको जन्म ११ माघ २०११ मा म्याग्दीको अन्नपूर्ण गाउँपालिका–८ नागीमा भएको हो । अन्तरिम सरकारको शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री नियुक्त भएका पुनले गत ४ माघमा मन्त्री पदबाट राजीनामा दिएर जन्मथलोमा चुनाव लड्न आएका थिए ।



अमेरिकाको ‘नेब्रास्काको युनिभर्सिटि’बाट २०४९ मा स्नाकोत्तर गरेका पुनको म्याग्दीको सूचना प्रविधि, शिक्षा र पर्यटन विकासमा योगदान रहेको अन्नपूर्ण गाउँपालिका– ७ मा रहेको टिकोट माविका प्रअ प्रदीप पुनले बताए ।
२०५८–६४ को समयमा पोखरा, काठमाडौंलगायत शहर बजारमा सहज रूपमा कम्युटर र इन्टरनेट सुविधा नभएको अवस्थामा पुनले म्याग्दीको अन्नपूर्ण गाउँपालिकाका विद्यालयहरूमा कम्प्युटर शिक्षाको सुरुआत र ताररहित इन्टरनेट सुविधा विस्तार गरेका थिए ।
ग्रामीण क्षेत्रमा सूचना प्रविधिको विकास र विस्तार गरेकोमा सन् २००७ मा एसियाको नोबल पुरस्कारका रूपमा चिनिने ५० हजार डलरको म्यागासेसे पुरस्कार प्राप्त गरे । चौरीपालन, माछापालन, तरकारीखेती गरेर ग्रामीण क्षेत्रका विद्यालय सञ्चालनका लागि आयस्रोत जुटाउने अवधारणा विकास गरेका पुनको अगुवाइमा अन्नपूर्ण धौलागिरि सामुदायिक पदमार्ग, नागी, मोहरेडाँडा, टिकोट, डाँडाखर्क र खोप्रा लेकमा सामुदायिक लज सञ्चालन भएको छ । चौरी र सामुदायिक लजको आम्दानी विद्यालय सञ्चालनमा परिचालन हुने गरेको छ ।
पुनको अगुवाइमा २०६० को दशकमा टेलिमेडिसिन सेवा सञ्चालन गरेर गाउँका स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीलाई शहर बजारमा रहेका चिकित्सको परामर्शमा सेवा दिने अभ्यास गरेका छन् । नागीमा नेपाली हाते कागज उद्योग सञ्चालन भएको थियो । उनले नेतृत्व गरेको हिमालयन संरक्षण संस्थाले नागी, बरङ्जा, झिँलगायतका ठाउँमा नर्सरी स्थापना गरी बिरुवा उत्पादन र वृक्षरोपण हुँदै आएको छ । राष्ट्रिय आविष्कार केन्द्र स्थापना गरी युवा वैज्ञानिकलाई प्रोत्साहन एवं सहयोग गर्न व्यक्तिगत रूपमा लेखनाथ र पोखरामा रहेको २८ रोपनी जग्गा बिक्री गरी स्रोत जुटाएका थिए । आफ्नै जीवनकथाको पुस्तक बेचेर भएको १२ करोड आम्दानी वीरगञ्ज कृषि औजार कारखाना सञ्चालनमा परिचालन गरेका छन् ।
पुनले सन् २००२ मा अशोका फेलोसिप, २००७ मा रोमन म्यागासेसे पुरस्कार, इन्टरनेट हलअफ फेम, नेपाल सरकारबाट भवन कृत्तिरत्नसहित १० लाख नगद र गण्डकी प्रदेश सरकारबाट गण्डकी रत्न अवार्ड प्राप्त गरेका छन् । पुनको राष्ट्रिय, अन्तर्राष्ट्रिय छवि र व्यक्तित्वले मत परिवर्तनको खोजीमा रहेका म्याग्देली मतदाताको मन जितेर राजनीतिक दलहरूको सांगठनिक शक्तिमाथि हावी हुँदै फराकिलो मतान्तरका साथ ऐतिहासिक जित निकालेका म्याग्दी बहुमुखी क्याम्पसका सहायक प्रध्यापक विष्णुप्रसाद आचार्यले बताए ।
एमालेका हरिकृष्ण श्रेष्ठलाई १४ हजार ९३१ मतान्तरले पछि पारेर जित हासिल गरेका पुनले २२ हजार ८५० मतका साथ जित निकालेका हुन् । ‘राजनीतिक कार्यकर्ताको दबदवा, नेता–कार्यकर्तासँगको सम्बन्ध र पुराना राजनीतिक सम्बन्धका कारण मतदाता खुल्न नसक्रे अवस्थामा भने जस्तो काम गर्न नसकेको झोकमा मन्त्री पद छोडेर चुनाव लड्न आएका महावीरलाई चुनौती हुने आकलन र पूर्वअनुमान मिलेन,’ सहायक प्रअ आचार्यले भने, ‘यसपाली लोभ, आश्वासन, डर, धम्की र भ्रमले अपेक्षाकृत काम गरेन, बरु यसले महावीरलाई जित्न झन सहज बनाएको देखियो ।’
महावीरको जितले म्याग्दीमा राजनीतिक दल तथा नेताहरूलाई समाजमा कार्यकर्ताबाहेक पनि मानिस छन् र चुनाव जित्नको लागि संगठन, शक्ति र पैसानै चाहिने रहेछ भन्ने धारणाबाट मुक्त हुन सन्देश दिएको आचार्यले बताए ।
अब गठन हुने प्रतिनिधिसभा सदस्यमा दलविहीन सांसद पुन मात्र बनेका छन् । पुनले विद्यालय, विश्व विद्यालय, प्राविधिक शिक्षामा राजनीतिकरण र स्वार्थ समूहको प्रभावलाई अन्त्य गरेर शैक्षिक सुधारका लागि नीति निर्माण गर्न अगुवाइ गर्ने प्रतिक्रिया दिए ।
सामान्य शैलीमा मतदातासँग अनौपचारिक हिसाबले कुराकानी गर्नुका साथै सामाजिक सञ्जालमार्फत चुनाव प्रचार गरेका महावीरले विजय उत्सव मनाउने र खुसीयाली साट्ने नाममा तडकभडक प्रदर्शन र अनावश्यक खर्च नगर्न अनुरोध गरेका छन् । महावीरले अपनाएको फरक शैलीको चुनाव प्रचार र मतदाताबाट आर्थिक सहयोग पाएको विषयले चर्चा पाएको छ । रासस

# गोरखा–१ मा रास्वपाका गुरुङ विजयी



गोरखा ।
प्रतिनिधिसभा निर्वाचनअन्तर्गत प्रत्यक्षतर्फ गोरखा क्षेत्र नं १ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार सुधन गुरुङ विजयी भएका छन् ।
सोमबार सम्पन्न भएको मतगणनामा रास्वपाका गुरुङले २९ हजार ८९६ मत ल्याएर विजयी भएको निर्वाचन कार्यालयका सूचना अधिकारी रविलाल सुवेदीले जानकारी दिए । उनले आफ्ना निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका प्रेमकुमार खत्रीलाई १४ हजार ४९८ मतले पराजित गरे । नेपाली कांग्रेसका उम्मेदवार खत्रीले १५ हजार ३९८ मत प्राप्त गरेका छन ।
यस्तै नेपाली कम्युनिष्ट पार्टीका हरिराज अधिकारीले ११ हजार १२४ मत प्राप्त गरेको सूचना अधिकारी सुवेदीले बताए । त्यस्तै, नेकपा (एमाले) का उम्मेदवार रामचन्द्र लामिछानेले तीन हजार ७३२ मत प्राप्त गरेका छन् । रासस

# सुनसरीमा आधा उम्मेदवारले १०० मत कटाउन सकेनन्

सुनसरी ।
हालै सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा चार निर्वाचन क्षेत्र रहेको सुनसरीबाट उम्मेदवारी दिएकामध्ये आधाले १०० मत कटाउन सकेनन् । जिल्लाका चार निर्वाचन क्षेत्रमा ११० जना उम्मेदवार थिए। जसमध्ये ३८ जना स्वतन्त्र उम्मेदवार थिए भने ७२ जना विभिन्न राजनीतिक दलका उम्मेदवार थिए ।
चार निर्वाचन क्षेत्रमा ५५ जना उम्मेदवारले १०० मत पनि कटाउन नसकेका हुन् ।
सुनसरी निर्वाचन क्षेत्र नं १ मा १५ जना उम्मेदवारले १०० भन्दा कम मत प्राप्त गरेका छन् ।
सय मत नकटाउनेमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का दिलबहादुर बास्तोलाले ९४, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका राजकुमार लिम्बूले ८३, नेपाली जनश्रमदान संस्कृति पार्टीका राजकुमार लिम्बूले ८३, नेपाल मजदुर किसान पार्टीका महेश श्रेष्ठले ६३, जनता समाजवादी पार्टी, नेपालका सञ्जय राई ५३, आम जनता पार्टीका रामबहादुर बिष्ट ५२, मङ्गोल नेसनल अर्गनाइजेसनका राजेन्द्र गुरुङ ४६, नेपाल जनमुक्ति पार्टीका यामबहादुर लिम्बू २७, मितेरी पार्टी नेपालका रक्षकुमार राईले १७ तथा स्वतन्त्र उम्मेदवारहरूमा देउमान लिम्बू ७४, सुमित राई ६९, जीवनकला राई ३७, शेषप्रसाद रेग्मी १७ र चेतबहादुर राईले १७ मत प्राप्त गरेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।



यस क्षेत्रमा स्वतन्त्र उम्मेदवार ओमकृष्ण उदासले सबैभन्दा कम नौ मत प्राप्त गरे । साथै यस क्षेत्रमा एक हजारभन्दा कम मत ल्याउनेमा उज्यालो नेपाल पार्टीका डम्बर लावती ५९०, जनता समाजवादी पार्टीका नगेन्द्रबहादुर लिम्बू २०२, राष्ट्रिय साझा पार्टी भूपि राई १९१, संयुक्त नागरिक पार्टी नरेश विक १२५ र स्वतन्त्रका सुवास विश्वकर्माले १०७ मत प्राप्त गरेका छन् ।
सुनसरी–२ मा भने ११ जना बढी उम्मेदवार ५० मतभन्दा कममा सीमित भएका छन् । निर्वाचन अधिकृतको कार्यालयका अनुसार स्वतन्त्र रोशनी राई दुई, भीमबहादुर दाहाल स्वतन्त्र ६, स्वतन्त्रबाट नवराज पौडेल ४५, नेपाल कम्युनिष्ट पार्टीका अतित नेपाल ३१, आम जनता पार्टी (एकल चुनाव चिह्न) निरञ्जन ठाकुर २८, स्वतन्त्र का देवेन्द्र पौडेल २०, स्वतन्त्रका अन्जनादेवी गुप्ता १८, स्वतन्त्र राजकुमार खत्री १४, स्वतन्त्र सत्यनारायण पण्डित १०, स्वतन्त्र डम्बरबहादुर बराइली ६ र नेपाल मजदुर किसान पार्टीका गीतामैयाँ बजिको १४ मत मत प्राप्त गरेका छन् ।
सुनसरी–३ मा १० जनाले सयभन्दा कम मत प्राप्त गरेका छन् भने ६ जनाले ५०० भन्दा कम प्राप्त गरेका छन् । रामनारायण थारू जनमत पार्टी ३८९, जागेश्वर यादव उज्यालो नेपाल पार्टी २८६, किशोरकुमार विश्वास समावेशी समाजवादी पार्टी नेपाल २२५, बद्रीप्रसाद यादव जनता समाजवादी पार्टी, नेपाल १७७, आसुतोष ढुङ्गेल नेपाल कम्युनिस्ट पार्टी (माओवादी) १४० र प्रमोद पौड्याल प्रगतिशील लोकतान्त्रिक पार्टी ११९ मत प्राप्त गरे ।
सुनसरी–४ मा १८ जनाले सयभन्दा कम मत ल्याएका छन् । तवरेज आलम अन्सारी आम जनता पार्टी ८७, मनकुमार राईमङ्गोल नेसनल अर्गनाइजेसन ७४, रमेशकुमार साह नेपाल जनता पार्टी ६३, अङ्कित कार्की स्वतन्त्र ४९, सत्यनारायण लहुटिया नेपाल कम्युनिष्ट पार्टी (संयुक्त)३९, तेजनारायण गोइत स्वतन्त्र ३४, कुन्दन कौसिक स्वतन्त्र ३३, मो.सदिक मियाँ सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च २९, उपेन्द्रकुमार साह स्वतन्त्र २५, देवनारायण महतो स्वतन्त्र १६, शर्मानन्द खतिवडा स्वतन्त्र १६, महेन्द्र सुनचौरी स्वतन्त्र १४, जलाल मियाँ स्वतन्त्र १३, चन्चला न्हिसुतु नेपाल मजदुर किसान पार्टी १२, पार्वती मुखिया स्वतन्त्र १२, यमुना केसी स्वतन्त्र ११, फुलकुमारी खान स्वतन्त्र चार, बुधेश्वर यादव स्वतन्त्र चार मत प्राप्त गरेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । रासस

# ताप्लेजुङमा समानुपातिकतर्फको मत परिणाम



ताप्लेजुङ ।
ताप्लेजुङमा प्रतिनिधिसभा निर्वाचनअन्तर्गत प्रत्यक्षतर्फ प्राप्त मतको तुलनामा समानुपातिकतर्फ नेपाली कांग्रेस, नेकपा (एमाले) र नेपाली कम्युनिस्ट पार्टीले कम मत प्राप्त गरेका छन् । मुख्य निर्वाचन अधिकृतको कार्यालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार नेकपा (एमाले) का उम्मेदवार क्षितिज थेवे १३ हजार ९६२ मत प्राप्त गर्दै विजयी भएको थियो । तर समानुपातिकतर्फ एमालेले प्रत्यक्षतर्फ प्राप्त गरेको मतभन्दा दुई हजार ६१७ मत कम अर्थात् ११ हजार ३४५ मत मात्रै पाएको छ ।
थेवेका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका उम्मेदवार गजेन्द्रप्रसाद तुम्याहाङले प्रत्यक्षतर्फ ११ हजार ७११ मत प्राप्त गरेको थियो । कांग्रेसले समानुपातिकतर्फ प्रत्यक्षतर्फको मतभन्दा दुई हजार ६८ मत कम अर्थात् नौ हजार ६४३ मत प्राप्त गरेको छ ।
यसैगरी नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार खेलप्रसाद बुढाक्षेत्रीले प्रत्यक्षतर्फ ६ हजार ६७५ मत प्राप्त गरेका थियो । उक्त पार्टीले समानुपातिकतर्फ पाँच हजार २१४ मत मात्रै प्राप्त गरेको छ । जुन प्रत्यक्षतर्फ उम्मेदवारले पाएको मतभन्दा एकहजार ५६९ मत कम हो । यता श्रम संस्कृति पार्टीका उम्मेदवार सन्तोष राईले प्रत्यक्षतर्फ पाँच हजार २०९ मत प्राप्त गरेको थियो ।
समानुपातिकतर्फ सो पार्टीले प्रत्यक्षभन्दा तीन हजार ४८९ मत बढी अर्थात् कूल आठ हजार ६९८ मत प्राप्त गरेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार वीरेन्द्र श्रेष्ठले प्रत्यक्षतर्फ पाएको मतभन्दा समानुपातिकतर्फ दुई हजार ३४० मत बढी प्राप्त गरे । मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार रास्वपाले समानुपातिकतर्फ छ हजार ४९५ मत प्राप्त गरेको छ । सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका उम्मेदवार मुक्साम लावुङले प्रत्यक्षतर्फ २११ मत प्राप्त गरेको थियो भने समानुपातिकतर्फ मञ्चले ५१० मत प्राप्त गरेको छ ।
यो प्रत्यक्षभन्दा २८९ मत बढी हो । राष्ट्रिय प्रजातन्त्र पार्टी ८८ का उम्मेदवार इन्द्रप्रसाद थापाले प्रत्यक्षतर्फ १८५ मत प्राप्त गरेका थिए । तर समानुपातिकतर्फ राप्रपाले ४१५ मत प्राप्त गरेको छ । जुन प्रत्यक्षभन्दा २३० मत बढी हो ।
नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का उम्मेदवार नरपति पौडेलले समानुपातिकभन्दा प्रत्यक्षतर्फ बढी मत प्राप्त गरेका छन् । उनले प्रत्यक्षतर्फ १५५ मत ल्याएको थियो भने समानुपातिकतर्फ उक्त पार्टीले ११९ मत मात्रै प्राप्त गरेको छ । जुन ३६ मत कम हो । जनता समाजवादी पार्टीका उम्मेदवार अरुण लेछबो लिम्बूले प्रत्यक्षतर्फ १४१ मत प्राप्त गरेका थिए । तर उनको पार्टीले समानुपातिकतर्फ प्रत्यक्षभन्दा २५ मत कम अर्थात् ११६ मत प्राप्त गरेको छ । रासस

# पूर्वमन्त्रीसहित पाँच जनाको जमानत जफत

बाजुरा ।
यही फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको अन्तिम मत परिणमा आइतबार सार्वजनिक भएसँगै निर्वाचनमा उम्मेदवार बनेका पाँच जनाको धरौटी जफत भएको छ । निर्वाचनमा भाग लिएका आठ जना उम्मेदवारमध्ये पाँच जनाले ‘थ्रेस होल्ड’ कटाउन नसकेपछि उनीहरूको जमानत जफत भएको हो । निर्वाचन ऐनको परिच्छेद–१० को विविध खण्डअन्तर्गत दफा ६४ मा व्यवस्था भएबमोजिम, पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा खसेको जम्मा सदर मतको १० प्रतिशतभन्दा कम मत पाउने उम्मेदवारको धरौटी जफत हुने कानुनी प्रावधान छ ।
प्रतिनिधिसभा निर्वाचनअन्तर्गत नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार प्रकाशबहादुर शाहको धरौटी जफत भएको छ । उनी सुदूरपश्चिम प्रदेशका पूर्वमन्त्रीसमेत हुन्।
मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार यस क्षेत्रमा कुल ८७ हजार ८६१ मतदाता रहेको छ । तीमध्ये ४५ हजार २४२ मत खसेको थियो । खसेको मतमध्ये ४३ हजार ८९६ मत सदर भएका छन् भने एक हजार ३४६ मत बदर भएका छन् । सदर मतको कम्तीमा १० प्रतिशत मत नल्याए धरौटी जफत हुने प्रावधान रहेको निर्वाचन आयोगको ऐनमा उल्लेख गरिएको छ ।




शाहले ल्याएको मत परिणामअनुसार शाहले तीन हजार ४२४ मत मात्रै प्राप्त गरेका थिए । उनले जमानत जोगाउन निर्वाचन ऐनको प्रावधानअनुसार धरौटी (जमानत) जोगाउन चार हजार ३८९ मत ल्याउनुपर्ने थियो । शाहले प्राप्त गरेको निर्वाचन परिणामअनुसार धरौटी जफत हुने भएको छ । पूर्वमन्त्री शाहको भन्दा बढी मत राष्ट्रिय स्वतन्त्र पार्टीका हेमराज थापाले ६ हजार ३५ मत प्राप्त गर्दै तेस्रोमा रहेका छन् । शाहले तीन हजार ४२४ मत प्राप्त गर्दै चौथो स्थानमा रहे। शाह २०७४ को प्रतिनिधिसभा तथा प्रदेश सभा निर्वाचनमा नेकपा एमालेबाट बाजुरा प्रदेश (ख) बाट निर्वाचित भएका थिए । २०७४ को निर्वाचनमा शाहले कांग्रेसका पदम शाहीलाई पराजित गरेर विजयी शाहले १८ हजार १८६ मत ल्याएका थिए भने कांग्रेसका पदम शाहीले १४ हजार ९७७ मत ल्याएका थिए ।
शाहसँगै यहाँका पाँच जना उम्मेदवारका धरौटी जफत भएको छ । जमानत जफत हुनेमा राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार केशरबहादुर शाही, नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का उम्मेदवार भुपेन्द्र ल्वार, प्रगतिशील लोकतान्त्रिक पार्टीका डिककुमार डिसी र स्वतन्त्र उम्मेदवार उपेन्द्र शाहीको जमानत जफत भएको हो । जमानत जफत भएका राप्रपाका उम्मेदवार शाहीले ३५२, नेपाल कम्युनिष्ट (माओवादी) का उम्मेदवार ल्वारले २३३, प्रलोपाका उम्मेदवार डिसीले ९७ र स्वतन्त्र उम्मेदवार शाहीले ७२ मत प्राप्त गरेका थिए । रासस

# मधेशका ३० सिटमा ककसले जिते ?



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रतिनिधिसभा निर्वाचनको मतपरिणाम सार्वजनिक हुँदा मधेश प्रदेशमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले ऐतिहासिक सफलता हासिल गरेको छ । मधेश प्रदेशका ३२ प्रतिनिधिसभा निर्वाचन क्षेत्रमध्ये ३१ क्षेत्रको परिणाम घोषणा भइसकेको छ । जसमध्ये रास्वपाले ३० क्षेत्रमा विजय हासिल गरेको छ ।

रौतहट क्षेत्र नम्बर–२ मा नेपाली कांग्रेसका मोहम्मद फिरदोस आलम निर्वाचित भएका छन् । धनुषा क्षेत्र नम्बर–१ को अन्तिम मतपरिणाम भने अझै घोषणा हुन सकेको छैन । यहाँ रास्वपाका उम्मेदवार किशोरी साह कमलको उम्मेदवारी खारेज भएको विषयलाई लिएर विवाद उत्पन्न भएको छ ।

कमलले सबैभन्दा बढी मत प्राप्त गरेपछि मुद्दा सर्वोच्च अदालतसम्म पुगेको छ । उनले सर्वोच्चमा रिट दायर गरेका छन् । निर्वाचन आयोगले मुख्य निर्वाचन अधिकृतको कार्यालयलाई पत्र पठाउँदै सर्वोच्च अदालतले विवाद निरुपण नगरेसम्म मतपरिणाम सार्वजनिक नगर्न निर्देशन दिएको छ । मधेशका आठ जिल्लामा फैलिएका निर्वाचन क्षेत्रमा रास्वपाका उम्मेदवारहरूले अधिकांश स्थानमा १० हजारभन्दा बढी मतान्तरले जित हासिल गरेका छन् ।

**आठ जिल्लाको परिणाम**

- **सप्तरीः**

सप्तरी क्षेत्र नम्बर–१ बाट पुष्पा कुमारी चौधरी, २ बाट रामजी यादव, ३ बाट अमरकान्त चौधरी र ४ बाट सिताराम साह निर्वाचित भएका छन् ।

- **सिरहा**

सिरहा क्षेत्र नम्बर–१ बाट बबलु गुप्ता, २ बाट शिव यादव, ३ बाट सम्भु कुमार यादव र ४ बाट तपेश्वर यादव विजयी भएका छन् ।

**धनुषा**

धनुषा क्षेत्र नम्बर–१ को मतपरिणाम विवादका कारण रोकिएको छ । क्षेत्र नम्बर–२ बाट रामविनोद यादव, ३ बाट मनिष झा र ४ बाट राजकिशोर महतो निर्वाचित भएका छन् ।

- **महोत्तरी**

महोत्तरी क्षेत्र नम्बर–१ बाट प्रमोद महतो, २ बाट डा. दीपक कुमार साह, ३ बाट उज्वल झा र ४ बाट गौरी कुमारी यादव विजयी भएका छन् ।

- **सर्लाही**

सर्लाही क्षेत्र नम्बर–१ बाट निमित कुमारी भण्डारी, २ बाट रविन महतो, ३ बाट नरेन्द्र साह र ४ बाट डा. अमरेश सिंह निर्वाचित भएका छन् ।

- **रौतहट**

रौतहट क्षेत्र नम्बर–१ बाट राजेश चौधरी, २ बाट नेपाली कांग्रेसका फिरदोस आलम, ३ बाट रविन्द्र पटेल र ४ बाट गणेश पौडेल निर्वाचित भएका छन् ।

- **बारा**

बारा क्षेत्र नम्बर–१ बाट गणेश धिमाल, २ बाट चन्दन कुमार सिंह, ३ बाट अरविन्द साह र ४ बाट रहवर अन्सारी विजयी भएका छन् ।

- **पर्सा**

पर्सा क्षेत्र नम्बर–१ बाट बुद्धिप्रसाद पन्त, २ बाट सुशील कुमार कानु, ३ बाट रामाकान्त प्रसाद चौरसिया र ४ बाट टेकबहादुर शाक्य निर्वाचित भएका छन् ।

# मधेशकेन्द्रित दलको थ्रेसहोल्ड नकटाउने संकेत



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रतिनिधिसभा निर्वाचनको मतगणना जारी रहँदा मधेश केन्द्रित राजनीतिक दलहरू गम्भीर संकटमा परेको देखिएको छ ।

प्रत्यक्षतर्फ १ सय ६५ निर्वाचन क्षेत्रमध्ये जनता समाजवादी पार्टी (जसपा), जनमत पार्टी र राष्ट्रिय मुक्ति पार्टी नेपाल (रामुपा) का कुनै पनि उम्मेदवार विजयी हुन सकेका छैनन् । तीनवटै दलका शीर्ष नेताहरू पनि चुनावमा पराजित भएका छन् ।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका अध्यक्ष डा. सिके राउत तथा राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतो समेत आफ्ना निर्वाचन क्षेत्रमा पराजित भएका हुन् । समानुपातिकतर्फको मतगणनाले पनि ती दलका लागि उत्साहजनक संकेत देखाएको छैन । जारी मतगणनामा उनीहरूले ३ प्रतिशतको थ्रेसहोल्ड कटाउने सम्भावना निकै कमजोर देखिएको छ ।

निर्वाचन आयोगका अनुसार समानुपातिकतर्फ १ करोड ९ लाख मत खसेको छ । सोमबार साँझसम्म करिब ९७ लाख मतगणना भइसकेको छ भने अब करिब १२ लाख मत गणना हुन बाँकी छ ।

अहिलेसम्म जनता समाजवादी पार्टीले १ लाख ५८ हजार ५ सय ३८ मत प्राप्त गरेको छ, जुन गणना भएको कुल मतको करिब डेढ प्रतिशत मात्रै हो । त्यस्तै, जनमत पार्टीले ७० हजार ७ सय ६ मत प्राप्त गरेको छ भने राष्ट्रिय मुक्ति पार्टी नेपालले ५६ हजार ८ सय २३ मत ल्याएको छ । यी दुवै दलको मत हिस्सा १ प्रतिशतभित्र रहेको देखिन्छ ।

निर्वाचन आयोगकी सहायक प्रवक्ता सीता पुनका अनुसार समानुपातिक निर्वाचन प्रणालीतर्फ कुल सदर मतको कम्तीमा ३ प्रतिशत मत प्राप्त गर्ने राजनीतिक दलले मात्रै सिट पाउने कानूनी व्यवस्था रहेको छ । प्रतिनिधिसभा निर्वाचनसम्बन्धी ऐनको दफा ६० (११) मा समानुपातिकतर्फ कुल सदर मतको ३ प्रतिशत वा सोभन्दा बढी मत प्राप्त गर्ने दलका उम्मेदवार मात्रै निर्वाचित हुने प्रावधान छ ।

हालसम्मको मतपरिणामको प्रवृत्तिअनुसार जसपा, जनमत र राष्ट्रिय मुक्ति पार्टी नेपालले थ्रेसहोल्ड कटाउने सम्भावना देखिएको छैन ।

यस अवस्थामा राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले मात्र समानुपातिकतर्फ थ्रेसहोल्ड पार गरेर आफ्ना उम्मेदवार निर्वाचित गराउने देखिएको छ ।

यसअघि २०७४ को प्रतिनिधिसभा निर्वाचनमा मधेश केन्द्रित दलहरू राष्ट्रिय जनता पार्टी र संघीय समाजवादी फोरम नेपालले समानुपातिकतर्फ करिब साढे ५ प्रतिशत मत प्राप्त गरेका थिए । ती दलले समानुपातिकतर्फ ६–६ सिट जितेका थिए ।

त्यसैगरी २०७९ को निर्वाचनमा जसपा नेपालले ३.९९ प्रतिशत र जनमत पार्टीले ३.७४ प्रतिशत मत प्राप्त गर्दै समानुपातिकतर्फ ५–५ सिट जित्न सफल भएका थिए ।

# सप्तरी–३ मा काका–भतिजाको चुनावी भिडन्तमा भतिजाको बाजी





**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रतिनिधिसभा निर्वाचनअन्तर्गत सप्तरी निर्वाचन क्षेत्र नम्बर–३ मा रोचक चुनावी प्रतिस्पर्धा देखिएको छ । यस क्षेत्रमा एकै परिवारका काका–भतिज चुनावी मैदानमा उत्रिएका थिए, जहाँ भतिजले बाजी मार्दा काका पराजित भएका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार अमरकान्त चौधरी विजयी भएका हुन् । उनी नेकपा एमालेका उम्मेदवार ताराकान्त चौधरीका भतिज हुन् ।

अमरकान्तले आफ्नै काकालाई मात्र होइन, जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवजस्ता हेभिवेट नेतालाई समेत पराजित गर्दै संसद्को यात्रा तय गरेका छन् ।

निर्वाचन परिणामअनुसार अमरकान्त चौधरीले ३२ हजार ८ सय ७५ मत प्राप्त गर्दै विजय हासिल गरे । जसपा नेपालका अध्यक्ष यादव १५ हजार २ सय ३९ मतसहित दोस्रो स्थानमा रहे भने नेपाली कांग्रेसका दिनेशकुमार यादवले ८ हजार ४ सय २८ मत ल्याउँदै तेस्रो स्थान प्राप्त गरे ।

अमरकान्तका काका तथा नेकपा एमालेका उम्मेदवार ताराकान्त चौधरी ६ हजार ७ सय १५ मतसहित चौथो स्थानमा सीमित भए ।

त्यस्तै, जनमत पार्टीका सुरेन्द्रप्रसाद शर्मा २ हजार ८ सय ६९ मतसहित पाँचौँ, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का उम्मेदवार १ हजार ६ सय ३५ मतसहित छैटौँ स्थानमा रहे ।

यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का उम्देश्वरप्रसाद साह ५५६ मतसहित सातौँ, उज्यालो नेपाल पार्टीका परमेश्वर लाल साह २ सय १२ मतसहित आठौँ, आम जनता पार्टीका धनिकलाल चौधरी १ सय ८८ मतसहित नवौँ र नेपाल जनता पार्टीका सन्तोषकुमार चमन १ सय ६८ मतसहित दशौँ स्थानमा रहेका छन् ।

निर्वाचित अमरकान्त चौधरी २०७९ को स्थानीय तह निर्वाचनमा आफ्नै गृहनगर डाक्रेश्वरी नगरपालिकाको मेयरमा उम्मेदवार बनेका थिए ।

तर त्यसबेला भने उनले सफलता पाउन सकेनन् ।

उनका पिता स्व. चन्द्रकान्त चौधरी पनि चर्चित राजनीतिज्ञ थिए । चन्द्रकान्तको गत पुसको अन्तिम साता निधन भएको थियो । उनी २०७४ को प्रतिनिधिसभा निर्वाचनमा सप्तरी–३ बाट तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा) को तर्फबाट निर्वाचित भएका थिए ।

उता अमरकान्तका काका ताराकान्त चौधरी भने २०७० सालको संविधानसभा निर्वाचनमा नेकपा एमालेबाट सप्तरी–३ बाट निर्वाचित भएका थिए । २०७४ को निर्वाचनमा भने उनी आफ्नै दाजु चन्द्रकान्त चौधरीसँग पराजित भएका थिए ।

# मनिष झाको सन्देशः जनभावनाअनुसार काम गर्छु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रतिनिधिसभा सदस्यमा धनुषा निर्वाचन क्षेत्र नम्बर–३ बाट निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रवक्ता मनिष झाले मतदाताप्रति आभार व्यक्त गर्दै जनभावनाअनुसार काम गर्ने प्रतिबद्धता जनाएका छन् ।

निर्वाचन परिणाम सार्वजनिक भएपछि झाले धन्यवाद सन्देश जारी गर्दै आफूलाई विश्वास गरेर परिवर्तनको अभियानमा साथ दिएको भन्दै सम्पूर्ण मतदाता, समर्थक तथा शुभेच्छुकप्रति हार्दिक आभार व्यक्त गरेका हुन् ।

उनले प्राप्त जनादेशलाई उच्च सम्मानका साथ स्वीकार गर्दै जनताको अपेक्षा र भावनाअनुसार अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

'धनुषा क्षेत्र नम्बर–३ का सम्पूर्ण मतदाताले दिएको विश्वास र अभिभारालाई सम्मान गर्दै जनभावनाअनुसार काम गर्नेछु,' उनले सन्देशमा उल्लेख गरेका छन् ।

झाले आफूलाई दिइएको जिम्मेवारी पूरा गर्न आगामी दिनमा पनि मतदाता, समर्थक तथा आम नागरिकको साथ, सहयोग र स्नेह आवश्यक रहने बताएका छन् ।

साथै उनले निर्वाचन अभियानमा सहयोग गर्ने पार्टीका नेता–कार्यकर्ता, शुभेच्छुक तथा आम मतदाताप्रति विशेष धन्यवाद व्यक्त गरेका छन् ।

# अपाङ्गता भएका महिला तथा किशोरीको प्रजनन स्वास्थ्य अधिकारबारे अन्तरक्रिया




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
११६औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा अपाङ्गता भएका महिला तथा किशोरीको प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी एकदिने अन्तरक्रियात्मक कार्यक्रम भएको छ ।

नेपाल पत्रकार महासंघको सभाहलमा आयोजित कार्यक्रममा विभिन्न निकायका प्रतिनिधि तथा सरोकारवालाहरूको सहभागितामा अपाङ्गता भएका महिला तथा किशोरीको प्रजनन स्वास्थ्य अधिकारका विषयमा गहन छलफल गरिएको हो । कार्यक्रममा महिला मानव अधिकार रक्षक सञ्जालकी अध्यक्ष उर्मिला यादवले अपाङ्गता भएका व्यक्तिलाई सम्बोधन गर्ने भाषामा अझ सुधार आवश्यक रहेको बताइन् । बोल्न नसक्ने युवतीहरू बढी अन्यायमा पर्ने गरेको उल्लेख गर्दै उनले यौन शिक्षाका विषयमा नागरिक समाज र अगुवाहरू पर्याप्त गम्भीर नदेखिएको टिप्पणी गरिन् ।

अपाङ्गता भएका व्यक्तिको इच्छा र अधिकारको सम्मान गर्न समाज अझै चुकेको उनको भनाइ थियो ।

यस्तै, बोल्न नसक्ने तथा श्रवणसम्बन्धी समस्या भएका व्यक्तिलाई सहयोग गर्न दोभाषे सेवा र पहुँचयुक्त भौतिक संरचना आवश्यक रहेको भन्दै त्यसमा सरकारको भूमिका महत्वपूर्ण हुनुपर्नेमा जोड दिइयो ।

कार्यक्रमका सहभागीहरूले नीति तथा योजना माथिबाट मात्र तय गरेर नहुने, स्थानीय तहबाट वास्तविक समस्या पहिचान गरी तथ्यांक संकलन गर्नुपर्ने आवश्यकता औँल्याए ।

# खोटाङमा समानुपातिकमा श्रम संस्कृति पार्टी पहिलो

**खोटाङ ।**
प्रतिनिधिसभातर्फ एउटा मात्रै निर्वाचन क्षेत्र रहेको खोटाङमा समानुपातिकतर्फ पनि श्रम संस्कृति पार्टी पहिलो बनेको छ । प्रत्यक्षतर्फ १६ हजार ६ सय १२ मतसहित आरेन राईलाई प्रतिनिधिसभा सदस्यमा विजयी गराएका मतदाताले जिल्लामा समानुपातिकतर्फ समेत श्रम संस्कृति पार्टीलाई नै बढी मत दिएका हुन् ।

समानुपातिकतर्फ कुल ६३ हजार २ सय ५७ मत खसेकामा श्रम संस्कृति पार्टीले १८ हजार १ सय ३७ मत प्राप्त गरेको छ । त्यसैगरी नेपाल कम्युनिष्ट पार्टी (एमाले) दोस्रो र नेपाली कांग्रेसले तेस्रो धेरै मत प्राप्त गरेको छ ।

नेकपा (एमाले) ले ११ हजार ३ सय ८५, कांग्रेसले १० हजार ७ सय ५ मत प्राप्त गरेको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले समानुपातिकतर्फ आठ हजार ८ सय ७९ मत प्राप्त गर्दै चौथो बनेको छ ।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) सात हजार २ सय ७४ र राष्ट्रिय परिवर्तन पार्टीले एक हजार २४४ मत प्राप्त गरेको छ । रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन